## विशेष इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WF-०००५, उत्प्रेषण समेत, *प्रकाशचन्द्र धिमाल वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २(क) र सो सँग सम्बन्धित अनुसूचीको क्रमसंख्या २६ मा "धिमाल" भन्ने जाति आदिवासी/जनजातिमा सूचीकृत भएको र सूचीकृत जनजातिको हकमा निजामती सेवा ऐन तथा नियमावलीबमोजिम समावेशीमा छुट्याइएको प्रतिशतका आधारमा निवेदकले आयोगबाट प्रकाशित विज्ञापन नं. २६२।०६४-६५ नेपाल प्रशासन सेवा, राजश्व समूहको रा.प.अ. प्रथम श्रेणी नायब सुब्बा पद संख्या चारमा दरखास्त फाराम पेश गरी लिखित परीक्षा उत्तीर्ण गरी आयोगले तोकेको अन्तर्वार्तामा समेत समावेश भइसकेको अवस्थामा निजको नाम योग्यताक्रमबाट हटाउने निर्देशन दिने भनी लोकसेवा आयोग केन्द्रीय कार्यालयको २०६५।१२।२७ को निर्णय र तत्सम्बन्धी काम कारवाही समेत कानून अनुकूल भए गरेको नदेखिने ।

निवेदक प्रकाशचन्द्र धिमालको हकमा लोकसेवा आयोग केन्द्रीय कार्यालयबाट भएको २०६५।१२।२७ को निर्णय र सो निर्णयअनुसार गरिएका अन्य काम कारवाही समेत कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशमार्फत बदर हुने । निवेदकलाई योग्यताक्रममा समावेश गरी लिइसकेको अन्तर्वार्ताको नतिजा प्रकाशित गर्नु भनी लोकसेवा आयोग समेतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

• यसमा यसै लगाउको २०६६-WF-००४, उत्प्रेषण समेत, *प्रकाशचन्द्र धिमाल वि. लोकसेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.न. २०६६-DF-०००२, अपुताली हक कायम नामसारी, *प्रदीपकुमार दुबे वि. निर्मला दुबे समेत*

रीतपूर्वक अंशबण्डा गरी बसेका अंशियारहरू अंश मिसाई बस्नको लागि मुलुकी ऐन, रजिष्ट्रेशन महलको १ नं. बमोजिम रजिष्ट्रेशन पारीत भएको लिखत अनिवार्य हुन्छ । सोको अभावमा केवल प्रतिउत्तर लेखका भरमा मात्र पुनरावेदक प्रतिवादी र निजको आमा रामरती दुबाइनसँग अंश मिसाई बसेका रहेछन् भनी मान्न मिल्दैन । त्यसै गरी रामरती दुबाइनले निजको अंश भागको सम्पत्ति पुनरावेदक प्रतिवादी नेत्रकुमार दुबेले मात्र एकलौटी खानु भनी कुनै लिखत गरी दिएको छ भनी प्रमाणस्वरूप त्यस्तो लिखत पेश दाखिल हुन सकेको पनि देखिँदैन । यस स्थितिमा आमा रामरतीको अंश भागमा परेको सम्पत्तिमा अपुतालीको ६ नं. बमोजिम आफ्नो मात्र एकलौटी अपुताली हक कायम हुने हो भन्ने पुनरावेदक प्रतिवादीको प्रतिउत्तर र पुनरावेदन जिकीर स्वतः खण्डित भएको देखिने ।

योगेन्द्रनाथको सम्पत्तिबाट प्रत्यर्थी वादीहरूले आधीमा अपुताली पाउने हो भनी स्वयं पुनरावेदक प्रतिवादीले स्वीकार गरेको, रामरतीको अंश भागको सम्पत्ति एकलौटी अपुताली पाउनको लागि अपुतालीको ६ नं. बमोजिम रीतपूर्वक लिखत गरी निजसँग अंश मिसाई बसेको नदेखिएको, साथै रामरतीले निजको सम्पत्ति पुनरावेदक प्रतिवादीले मात्र खान पाउने गरी छुट्टै लिखत गरिदिएको अवस्था समेत नहुँदा निर्मलादेवी बाहेकका अन्य वादीहरूले स्व. रामरती र योगेन्द्र नाथको अंश भागको

निजहरूका नाउँमा दर्ता रहेको सम्पत्तिबाट आधामा अपुताली हक कायम गराई लिन पाउने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६६-WF-०००६, उत्प्रेषण, अधिकारपृच्छा र परमादेश समेत, *डा.दीर्घसिंह बम वि प्र.मं. तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

निजामती सेवाबाट अलग गरी छुट्टै अस्तित्वको रूपमा स्वास्थ्य सेवा ऐन, २०५३ द्वारा प्रशासित कर्मचारीहरूको स्तरवृद्धि, बढुवा वा नियुक्ति प्रक्रियामा निजामती सेवा ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्था आकर्षित हुने देखिएन । निष्पक्षता देखिने आधार उल्लेख नभएको भन्ने निवेदन दावीकै आधारमा विधायिकाद्वारा निर्मित स्वास्थ्य सेवा ऐनको दफा १९ को व्यवस्था निजामती सेवा ऐनको व्यवस्थासँग समकक्षमा राखी हेर्न मिल्ने अवस्था समेत हुँदैन । स्वास्थ्य सचिवको नियुक्तिको सन्दर्भमा रहेको ऐनको दफा १९ को व्यवस्था नै त्रुटिपूर्ण एवं गैरसंवैधानिक रहेको भन्ने निवेदन दावी समेत नभएको यस स्थितिमा स्वास्थ्य सेवाको सचिवको नियुक्ति प्रक्रियामा निजामती सेवा ऐनमा रहेको बढुवाको व्यवस्थासँग जोडेर हेर्नु सान्दर्भिक समेत नदेखिने ।

सचिव नियुक्ति गर्ने प्रक्रियामा रहेको स्वास्थ्य सेवा ऐनको दफा १९ को व्यवस्था आधारभूत प्रक्रियाको सम्बन्धमा अपूरो रहेको र त्यस्तो कानूनी व्यवस्थाको आधारमा भएको काम कारवाही जस्तोसुकै हिसाबमा निष्पक्ष रहेको पुष्टि गर्न खोजे पनि सो अपारदर्शी हुने देखिन्छ । छनौटको आधारको रूपमा यथेष्ट व्यवस्थाहरू नरहेको प्रस्तुत स्वास्थ्य सेवा ऐनको दफा १९ को कानूनी आधार टेकी भएको काम कारवाहीमा पारदर्शीताको अभाव हुने देखिएको विद्यमान अवस्थामा आधार र कारण नदेखाई आफूखुसी नियुक्त गर्न सकिने प्रकृतिको हालको व्यवस्थामा परिवर्तन गर्नु आवश्यक देखिँदा सचिव जस्तो उच्चतम सेवाको पदमा रहने व्यक्तिको हकमा नेतृत्वदायी क्षमता, योग्यता, वरिष्ठता र कार्यकुशलता जस्ता आधारभूत कुराहरूलाई समेट्ने गरी कानूनी व्यवस्था गरेर मात्र सोको आधारमा पछि गरिने स्वास्थ्य सेवाको सचिव पदमा नियुक्ति गर्ने गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेतका नाउँमा परमादेशको आदेश गरी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** दे.पु.नं. ०६४-CI-०८२८, निर्णय बदर हक कायम, *महावीर लामा वि. याङ्जी लामा*

प्रत्यर्थी वादीलाई थाहा जानकारी नै नदिई निजको ससुरा र सासूको मोही हक रहेको विवादित कि.नं. १११ जग्गाको मोही पजनी गरी पुनरावेदक प्रतिवादी महावीर लामालाई चलानी पूर्जी दिएको पशुपतिनाथ अलामकोट कचहरीको मिति २०५२।११।३० को निर्णय र सोसम्बन्धी सम्पूर्ण कारवाहीहरू बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी

कम्प्युटर : सुन्दरबहादुर कार्की

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

- यसमा दे.पु.नं. ०६४-CI-०८२९, मोही हक कायम गरिपाऊँ, *महावीर लामा वि. याङ्जी लामा* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ०२७७, ३१८, अङ्गभङ्ग, *राधादेवी खाती वि. नेपाल सरकार, नेपाल सरकार वि. राधादेवी खाती*

विवादित विषयको सम्बन्धमा जाँच परीक्षण गर्ने विशेषज्ञलाई अदालतमा उपस्थित गराई निजले दिएको रायका सम्बन्धमा अदालतमा बकपत्र गराई

प्रतिवादी तर्फबाट समेत जीरह गर्ने मौका दिएर मात्र विशेषज्ञले दिएको रायलाई प्रमाणमा लिन पर्ने हुन्छ । तर अदालतमा उपस्थित भै आफूले दिएको जाँच रिपोर्ट सहितको प्रतिवेदनलाई अदालतले परीक्षण गर्न नपाएको अवस्थामा निजको राय अन्य प्रमाणबाट समर्थित नभएसम्म प्रमाणमा लिन नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको रिट नं. ०४२३, उत्प्रेषण, *किशोरीप्रसाद श्रीवास्तव वि. सचिव, गृहमन्त्रालय समेत*

निवेदकउपर लगाइएको आरोपको सम्बन्धमा छानबीन समिति गठन गरी त्यसको सिफारिश समेतलाई आधार बनाई निवेदकलाई पर्याप्त सुनुवाईको मोका प्रदान गर्नुका साथै कानूनको उचित प्रक्रिया अवलम्बन गरी अधिकार प्राप्त निकायले निवेदकलाई कारवाही गरेको देखिँदा त्यसमा कानूनी त्रुटि देखिन आएन । निवेदकलाई सेवाबाट बर्खास्त गर्नेसम्बन्धी कारवाहीमा कानूनी त्रुटि देखिन नआएकोले निवेदन मागबमोजिम मध्यक्षेत्रीय प्रहरी कार्यालयको मिति २०६३।३।९ को निर्णय पर्चा र मिति २०६३।५।१४ को पुनरावेदन पर्चा लगायतका कामकारवाहीहरू बदर गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल जेठ १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको दे.पु.नं. ८५१४, डाँक लिलाम दर्ता बदर दर्ता, *बेचनादेवी यादव समेत वि. रामदेव यादव समेत*

वादी र प्रतिवादीमध्येका परशुराम यादवका बीचमा चलेको संवत् २०५४ सालको दे.न. ११९९ को अंश दर्ता मुद्दामा भएको मिति २०५४।१०।२ को मिलापत्रबाट विवादित कि.न.. २५ र २३७ को जग्गामध्ये उत्तरतर्फ आधा क्रमश: ०-९-४ र ०-५-६ जग्गा यी पुनरावेदक वादीहरूको अंश भागमा परेको र दक्षिणतर्फ परशुराम यादवको अंश भागमा परेको देखिँदा लिलाम गर्दा परशुराम यादवको दक्षिणतर्फको जग्गा लिलाम गर्नु पर्नेमा मिलापत्रबमोजिम वादीहरूको भागको उत्तरतर्फको जग्गामध्येबाट लिलाम भएको देखिँदा पुनरावेदक वादीको हकको सम्पत्ति लिलाम गरेको कार्य कानूनसम्मत नदेखिँने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल बैशाख ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०२३७, जबरजस्ती करणी, *नेपाल सरकार वि. कलुवा तामाङ*

पीडित क कुमारीको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको स्वास्थ्य साधारण छ, कन्या जाली छैन, निजको शरीरमा कतै घाउचोट देखिँदैन भनी उल्लेख भएको देखिन्छ । प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेअनुसार निजको उमेर ३१ वर्षको भन्ने देखिन्छ भने पीडितको उमेर दश वर्षको देखिन्छ । यस स्थितिमा यदि प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भए निजको स्वास्थ्य स्थिति सामान्य रहने र शरीरमा कहीं कतै घाउ चोट नहुने भन्ने अवस्था रहँदैन । यस स्थितिमा प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयान, जाहेरवाली र पीडितले अदालतसमक्ष उपस्थित भै गरेको बयान र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन समेतबाट समर्थित हुन आएको देखिँदा प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ असार ८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०८३६, ०८३७, छाप र दस्तखत कीर्ते, ठगी, *मीत्रप्रसाद पराजुली वि.*

*नेपाल सरकार, कृष्णकुमार योङ्हाङ्ग सुब्बा वि. नेपाल सरकार*

कीर्ते कागजको १ नं. मा गरिएको कीर्तेको परिभाषाको मूल्याङ्कन गर्दा अर्काको जीउ धन वा हक जाने वा नोक्सान हुने गरी सही निसाना वा छाप इत्यादि बनाई गरी आफू वा अरू कसैलाई फाइदा पुऱ्याउने काम गरेमा कीर्ते गरेको ठहरिने देखिँदा जाहेरवालासँग रकम लिई मालपोत अधिकृतको नक्कली दस्तखत गर्ने गराउने प्रतिवादीहरूको कार्यमा रकम लिने कार्य चाहिं ठगी र नक्कली दस्तखत वा छाप लगाउने कार्य चाहिं कीर्ते भनी छुट्ट्याउन मिल्ने अवस्था देखिँदैन । जाहेरवालाबाट प्रतिवादीहरूले लिएको रकम आफूले फाइदा लिने र जाहेरवालाको धन नोक्सान पार्ने उद्देश्यले लिएको देखिँदा प्रतिवादीहरूको सम्पूर्ण कार्य कीर्तेको परिभाषा अन्तर्गतको भएको हुँदा निजहरूले लिए खाएको रकम पनि कीर्ते गर्ने कार्यको एउटा हिस्साको रूपमा लिनु पर्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६७५, उत्प्रेषण, *डा. रामपरीक्षण यादव वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

निवेदकले Tata Memorial Hospital, Bombay, India र King Gerge's Medical Collage, Lucknow, India बाट प्राप्त गरेको भनिएको तालिमका सम्बन्धमा विवाद उठी रिट निवेदक यसै मुद्दाका निवेदक रामपरीक्षण यादव र विपक्षी डा. अनिलकुमार मिश्र समेत भएको २०६१ सालको रिट नं. ३००१ मा यसै अदालतबाट निवेदकले लिएको भनिएको तालिम सेवाकालीन तालिम नभई काम गरेको अनुभवको प्रमाण भन्ने देखिएको भनी मिति २०६३।१२।४ मा आदेश भएको देखिन्छ । यस स्थितिमा निवेदकले सेवाकालीन भनी दावी लिएको तालिमबापत अङ्क प्रदान गर्न मिल्ने स्थिति नदेखिँदा निवेदकको सो भनाई कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको रिट नं. ००५५, बन्दीप्रत्यक्षीकरण, *विशाल थापामगर वि. काठमाडौं जिल्ला अदालत समेत*

निवेदक २०६२।६।२० देखि हालसम्म थुनामा रही कैद र जरीवानाबापत हुनसक्ने कैद भुक्तान भैसकेको देखिँदा निजलाई तदुपरान्त थुनामा राखेको कार्य गैर कानूनी देखिँदा निवेदक विशाल थापालाई तत्काल थुना मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०२२३, जाली राहदानी, *नेपाल सरकार वि. सन्तबहादुर तामाङ्ग*

प्रतिवादी सन्तबहादुरले कञ्चनपुर जिल्लाबाट लिएको राहदानी नम्बर अनु लामाले लिएको भनिएको राहदानीमा प्रयोग भएको देखिएको अवस्थामा निजको संलग्नता नभएको भनी मान्न मिल्ने अवस्था नदेखिँदा प्रतिवादी सन्तबहादुर तामाङ्ग समेतलाई कसूरदार ठहर गरी सजाय गर्नु कानूनसम्मत नदेखिएको भनी निजलाई सफाइ दिने काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भै निजलाई अध्यागमन ऐन, २०४९ को दफा १०(१) अनुसार ८,०००।- जरीवाना हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ००६१, बाटो खुलाई पाऊँ, *राजेन्द्रलाल बज्राचार्य वि. नकेन्द्रलाल सिलवाल*

वादीको कि.नं. ९ देखि दक्षिणतर्फ जाने बाटोमा प्रतिवादीले पर्खाल लगाएको भन्ने प्राविधिक टोलीको प्रतिवेदनबाट देखिएको अवस्थामा प्रतिवादीले सो पर्खाल महानगरपालिकाबाट विधिवत् नक्सा पास गरी निर्माण गरेको भन्ने दावी लिन सकेको देखिँदैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ (४) को कानूनी व्यवस्था बमोजिम यसरी नक्सा पास नगरी निर्माण गरेको पर्खाल महानगरपालिकाले भत्काउन सक्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ७ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०८४८, निर्णय पर्चा बदर समेत, *फुर्पु वाङ्मो तामाङ्ग समेत वि. कान्छा तामाङ्ग समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ख) ले तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने अधिकार समेत पुनरावेदन अदालतलाई प्रदान गरेको पाइन्छ । यसबाट आफूले पुनरावेदन सुन्ने तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दाको सुनुवाई गर्ने क्रममा प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार पुनरावेदन अदालतले समेत प्रयोग गर्न सक्ने भएको स्थितिमा शुरू जिल्ला अदालतको फैसलामा कुनै प्रकारको त्रुटि देखिएमा जो जे बुझ्नु पर्ने हो बुझी आफैं निर्णय गर्न सक्ने अधिकार हुँदाहुँदै कुनै आधार कारण नखोली शुरू जिल्ला अदालतको फैसला बदर गरी मिसिल शुरूमा पठाउने पुनरावेदन अदालतको फैसला गम्भीर रूपले त्रुटिपूर्ण देखिन आएकोले उल्टी भै बदर हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ८ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०३४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. केशबहादुर बुढाथोकी*

मृतकलाई मार्नु पर्ने मनसाय, रिसइवी र योजना नदेखिएको, सिकार खेल्न जंगलमा गएको अवस्थामा तथ्यको भूलको कारणले जनावरलाई भनी हानेको गोली मृतकलाई लाग्न गई ज्यान गएको परिस्थिति समेतको मूल्याङ्कन गरी शुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम एक वर्ष कैद हुने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ असार ८ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६ सालको दे.पु.न. ०६५-CI-०७४८, अंश दपोट, *बेदु पराजुली वि. छबिलाल पराजुली समेत*

अंशबण्डाको २०, २१ नं. ले अंशबण्डा गर्नलाई फाँट दिनुपर्नेले फाँट दिनु पर्दा सम्पूर्ण सम्पत्ति देखाई दबाए छिपाएको छैन भनी फाँट दिनु पर्ने बाध्यात्मक व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा उल्लिखित कानूनी व्यवस्थाविपरीत यी अन्य प्रतिवादीहरूका वारेस समेत भई आफ्नो हकमा समेत लोकराज पराजुलीले यीनै वादी प्रतिवादी भएको अंश मुद्दामा २०६०।५।८ मा तायदाती फाँटवारी पेश गर्दा प्रस्तुत मुद्दाको उल्लिखित छविलाल र तारापतिका नाममा संयुक्त दर्ता रहेको विवादित सम्पत्ति फाँटवारीमा देखाउन पर्नेमा उक्त जग्गाहरू उल्लेख नगरी फाँटवारीमा छुटाई बण्डा गर्नुपर्ने सम्पत्ति दबाएको देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा उल्लिखित कि.नं. ५८६, ५९८ र ६०० का जग्गाहरू प्रतिवादी तथा वारेस लोकराज पराजुलीले सम्म अंश दपोट गरेको ठहर्छ ।

सो ठहर्नाले उक्त दपोट ठहरेको सम्पत्तिबाट निज लोकराज पराजुलीले पाउने भागको उक्त अंश भाग यी पुनरावेदक वादी बेदु पराजुलीले पाउने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल फागुन १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३१८४, उत्प्रेषणयुक्त परमादेश समेत, *वीजयसुन्दर खड्का वि. न्यायिक पुनरावेदन समिति, कृषि विकास बैंक मुख्य कार्यालय समेत*

रिट निवेदकले बैकको बैंकिङ कार्यालय भक्तपुरको प्रवन्धक पदमा कार्यरत रहेका बखत ऋणी आर.पी. कोल्ड स्टोरेज एण्ड किराना पसलमा प्रो. नमराज श्रेष्ठ लगायतका ११ जना ऋणीहरूलाई ऋण प्रवाह गर्दा धितोको अत्याधीक मूल्याङ्कन गरेको, राम्रो धितोलाई फुकुवा गरी कमसल धितोलाई स्वीकार गरेको जस्ता कार्य समेत गरी जानी जानी बदनियतपूर्वक अनियमित तरिका अपनाई बैंकलाई हानि नोक्सानी हुने कार्य गरेको र आफूलाई गैरकानूनी फाइदा हुने कार्य गरेको आधारमा विभागीय कारवाहीको सिलसिलामा पटकपटक स्पष्टीकरण माग गरी निवेदकले दिएको जवाफ सन्तोषजनक नभएको भन्ने आधारमा कृषि विकास बैंक कर्मचारी सेवा शर्त नियमावली, २०२४ को व्यवस्थाबमोजिम निवेदकलाई कारवाही गरिएको र सोउपर निवेदकको पुनरावेदन परी पुनरावेदन तहबाट समेत शुरू सदर हुने गरी भएको निर्णयमा क्षेत्राधिकारको अभाव वा अन्य कानूनी त्रुटिको विद्यमानता रहेको नपाइने ।
इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल पुस ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CI-०२७८, मोही प्रमाणपत्र नामसारी, *रामदेव महतो वि. जंगलीवती महतो*

पुनरावेदकको बाबु सोनाइले अस्थायी मोही प्रमाणपत्र वा जोताहा निस्सा पाएको देखिदैन । मोही हुनको लागि १ र २ नं. अनुसूची प्रकाशित भई ३ नं. को मोही प्रमाणपत्र वा ४ नं. अस्थायी मोही प्रमाणपत्र पाएको हुनुपर्ने कानूनी व्यवस्था छ । प्रस्तुत मुद्दामा विवादको कि.न. १६५ का जग्गामा यी पुनरावेदक वादी रामदेव महतोका बाबु सोनाई महतोको १ र २ नं. अनुसूची प्रकाशित भएको र ४ नं. को अस्थायी मोही प्रमाण प्राप्त गरेको मध्ये कुनै पनि कुरा पूरा भएको देखिँदैन । यस्तो स्थितिमा स्वतन्त्र र तथ्ययुक्त प्रमाणको अभावमा केवल दावी गरेकै भरमा विवादित कि.नं. १६५ र २८३ मा दावीबमोजिम सोनाई महतोको मोही हक कायम गर्न र पुनरावेदकको मोही नामसारी गरी प्रमाणपत्र दिन नमिल्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ २२ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३३१२, उत्प्रेषण, *नन्दजीप्रसाद श्रीवास्तव वि. गुठी संस्थान, शाखा कार्यालय वीरगञ्ज पर्सा समेत*

विवादको कि.न.१५५ को जग्गाको मोही हक यी निवेदिकाको नाममा नामसारी हुने गरी भूमिसुधार कार्यालयबाट मिति २०४३।५।३१ मा भएको फैसला बदर गरिपाऊँ भनी दिएको मुद्दामा भूमिसुधार कार्यालयबाट वादी दावीको हकसम्म उक्त फैसला बदर हुने ठहऱ्याई मिति २०६१।१०।६ मा निर्णय गरेको कुरा प्रमाणको लागि झिकाएको भूमिसुधार कार्यालयको मिसिलबाट देखिन्छ । भूमिसुधार कार्यालयको उक्त मिति २०६१।१०।६ को निर्णयमा चित्त नबुझेमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद समेत दिएको देखिन्छ । यसरी भूमिसुधार कार्यालयले यी निवेदिकाको नाममा मोही नामसारी गर्ने गरेको २०४३ सालको निर्णय २०६१ सालमा बदर गरिसकेको अवस्थामा विवादको जग्गा माथि निवेदिकाको मोही हक कायम रहने वा नरहने भन्ने

कुरा फैसला बदर मुद्दाको अन्तिम निर्णय भएपश्चात् मात्र यकीन हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६६ साल फागुन ९ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको दे.पु.नं. ८१७५, जग्गा खिचोला, *उज्वल भण्डारी समेत वि. लक्ष्मी प्रसाई समेत*

काठमाडौं जिल्ला अदालतबाट मिति २०५६।५।१४ मा भएको नक्सा मुचुल्कामा पक्ष विपक्षका जग्गाहरूको नाप नक्सा भै विभिन्न न.नं.हरूमा के कति जग्गा देखिए तिनको क्षेत्रफल सम्म भएको पाइन्छ । तर ती न.नं. हरूको चारैतर्फको नाप खोलिएको नपाईंदा अदालतबाट आदेश भै ती कि.नं. तथा न.नं. का जग्गाहरूको चारैतर्फको नाप साइज अमिन तीर्थ प्रधानले खोली दिएको देखिन्छ । जसअनुसार प्रतिवादीको कि.नं. १६५ मा ज.रो. २-०-०-० मात्र हुनुपर्नेमा २-०-३-० भै ०-०-३-० बढी देखिन आयो । प्रतिवादीकै अर्को कि.नं. १६६ मा ९-१०-०-० हुनुपर्नेमा ९-११-०-० भै ज.रो. ०-१-०-० बढी रहेको देखियो । यो बढी भएको क्षेत्रफल न.नं. ४ बाहेकको हो । अर्कोतर्फ पुनरावेदक वादीको कि.नं. १०१ मा ०-४-०-२ रहेको कि.नं. ९९ मा १-०-०-० हुनुपर्नेमा ०-१४-३-३ भै ०-१-०-१ कम रहेको र कि.नं. १०२ मा १-१२-०-० हुनुपर्नेमा १-५-०-० भै ०-७-० जग्गा घटी रहेको देखिन्छ । मिति २०५७।१।२ मा अमिन तीर्थ प्रधानले वादीको कि.नं. १०२ को जग्गाको दक्षिणपट्टि रहेको न.नं. ६ मा ज.रो. ०-२-१-० पर्न गएको भनी प्रतिवेदन दिएको देखिएबाट उक्त न.नं. ६ को जग्गा समेत वादीकै रहेको हुँदा सो क्षेत्रफल समेत जोडिन जाने ।

इजलास अधिकृत : खड्ग अधिकारी

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ बैशाख ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** फौ.पु. नं. २०६५-CR-०६६९, कर्तव्य ज्यान, *सुशील रस्तेल वि. नेपाल सरकार*

मृतक बाबुले आफ्नी आमालाई कुटपीट गरिरहेको अवस्थामा यी प्रतिवादीले त्यसो नगर्न भनी मृतकलाई सम्झाउँदा मृतकले प्रतिवादीउपर समेत कुटपीट गर्न लागेको अवस्थामा प्रतिवादीले खिर्रोको लट्ठीले मृतक बाबुलाई हिर्काउँदा निजको मृत्यु भएको देखिन आएको अवस्था छ । साथै वारदातपश्चात् प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भई सत्यसाँचो व्यहोराको बयान गरेको र अदालतमा समेत सत्य तथ्य उल्लेख गरी बयान गरी न्याय सम्पादनको कार्यमा सहयोग गरेको समेत देखिएको हुँदा यी प्रतिवादीहरूलाई ठहर भएको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले सोअनुसार सजाय नगरी १० (दश) वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** पुनरावेदन नं. ६३-CR-०४५२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विकास महत समेत*

आवेशप्रेरित हत्या हुनको लागि ज्यान मार्नाको मनसाय नभएको, ज्यान लिनु पर्ने सम्मको इवि पनि नरहेको, लुकी चोरीकन नहानेको र उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकेको हुनुपर्ने भन्ने बाक्यांशको प्रयोग भएको पाइन्छ । उल्लिखित बाक्यांशले अभियुक्तको मृतकउपरको बदलाभावलाई वर्जित गरेको र मृतकको स्वस्फूर्त क्रियाकलापको कारण अभियुक्त तत्कालै आवेशमा आएको अवस्था हुनुपर्ने अवस्थालाई लक्षित गरेको देखिन आउँछ । मृतकको असह्य क्रियाउपर अभियुक्तले तत्कालै भावावेशको अवस्थामा प्रतिक्रियात्मक रूपमा मृतकउपर आक्रमण गरेको

छैन र मृतकउपर आक्रमण गर्न मद्दतगार बोलाउने वा उपयुक्त र अनुकूल वातावरणको खोजी गरी मृतकउपर आक्रमण गरेको अवस्था छ भने त्यस अवस्थालाई आवेशको अवस्था समाप्त भएको मानिने हुँदा त्यस्तो हत्यालाई आवेशप्रेरित हत्याको संज्ञा नदिई मनसायप्रेरित हत्या नै मानिने ।

आवेशप्रेरित हत्यामा कानूनले उल्लेख गरेका तत्वहरूमध्ये कुनै एक तत्वको विद्यमानतालाई नै पर्याप्त मानिदैन । किनभने फौजदारी विधिशास्त्रमा मनसायप्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनै पर्ने, मार्नु पर्ने खास कारण भई त्यसको लागि तयारी योजना जस्ता कुराहरू रहनुपर्ने मानिए तापनि सबै परिस्थिति र अवस्थामा मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था रहन्न । अवस्था र परिस्थितिअनुरूप अभियुक्तमा तत्काल मृतकउपर ज्यान लिनुपर्ने मनसाय तत्व जागृत भएको हुनसक्छ । त्यसैगरी वारदातमा प्रत्यक्ष प्रमाण भएको अवस्थामा मार्नुपर्ने खास कारणको खोजी गर्नु उपयुक्त मानिदैन । तर वारदात परिस्थितिजन्य प्रमाणमा अडिएको अवस्था भएमा अभियुक्तले मृतकलाई मार्नुपर्ने खास कारणको खोजी गर्न सकिन्छ । अर्कोतर्फ हरेक मनसायप्रेरित हत्यामा घातक वा जोखिमी हतियारको प्रयोग निर्णायक तत्व हुन सक्दैन । साधारण लाठा, ढुंगा वा लात, मुक्काको निर्घात प्रयोग मृत्युवरण गराउनमा पर्याप्त हुनसक्छ । त्यसैले आवेशप्रेरित हत्यामा कानूनले निर्धारण गरेका सबै तत्वहरू एक आपसमा गाँसिएर रहेको अवस्था अनिवार्य हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय** फौ.पु. नं. २०६४-CR-००४८, कर्तव्य ज्यान, *सूर्य पुरी वि. नेपाल सरकार*

प्रतिवादीको अनुसन्धान अधिकारी समक्षको बयान निजलाई कुटपीट गरी वा यातना दिई वा यातना दिने धम्की दिई निजको इच्छाविपरीत गराइएको भन्ने नदेखिएको र मौकामा कागज गर्ने नन्दकुमारी पुरी र नीमा पुरीको बकपत्र एवं मृतकले लगाएका कपडासमेतबाट लाशको सनाखत भएको भन्ने लाश जाँच मुचुल्का समेतका स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादीको प्रहरी समक्षको बयान व्यहोरा समर्थित भएको देखिन आएको हुँदा प्रतिवादीले आरोपित कसूर गरेको ठहर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८५७७, लिखत स्रेस्तामा व्यहोरा जनाउने, *गणेशराज श्रेष्ठ समेत वि. सुशीलकुमार श्रेष्ठ*

अर्ध न्यायिक निकाय मालपोत कार्यालयलाई हक बेहकमा समेत निर्णय गर्ने गरी कानूनले अधिकार प्रदान गरेको देखिँदैन । हकबेहकको प्रश्नमा निर्णय गर्ने अधिकार कानूनले अदालतलाई प्रदान गरेको पाइन्छ । यस्तो स्थितिमा प्रतिवादीहरूको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । अतः मालपोत कार्यालयमा चलेको कारवाहीमा हक बेहकको प्रश्न समावेश भएको देखिए पछि हक कायमतर्फ अदालत जानू भनी मालपोत कार्यालयले सुनाई दिनु पर्नेमा नसुनाएको अवस्थामा मालपोत कार्यालयको निर्णय बदर गरी हक कायमतर्फ सम्बन्धित अदालतमा जानु भनी दुबै पक्षलाई सुनाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६२।५।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. ३७७३, लागू औषध चरेश, *श्री ५ को सरकार वि.हरिहर कुर्मी*

प्रत्यर्थी हरिहर कुर्मी आरोपित कसूरमा इन्कार रहेको, सह अभियुक्त कृष्णबहादुर कार्कीले वारदातमा आफू मात्र संलग्न रहेको यी प्रत्यर्थी

हरिहर कुर्मी संलग्न नरहेको भनी बयान गरेको र बरामदी मुचुल्काको व्यहोरा र सो मुचुल्का गर्ने प्रहरी कर्मचारीहरूको बकपत्र व्यहोरा परस्पर बाझिएको देखिएको एवं बरामदी मुचुल्काका स्वतन्त्र साक्षीले यी प्रत्यर्थी हरिहर कुर्मीबाट लागू औषध बरामद भएको आफूले नदेखेको भनी बकपत्र समेत गरेको अवस्था हुँदा यी प्रत्यर्थी हरिहर कुर्मी उपरको वादीको अभियोग मागदावी शंकारहित तवरबाट पुष्टि हुन आएको नदेखिने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८१९१, अबण्डा जग्गा छुट्याई हकभोग कायम गरिपाऊँ, *काशीप्रसाद कलवार वि. झौरीदेवी कलवारिन*

वादी दावीको कि.नं. ७१ र ४४ को जग्गा अबण्डा राखी अंशबण्डा भएको भन्ने पारीत लिखतबाट नदेखिएको, कि.नं. ७१ को जग्गा वादी प्रतिवादी बाहेक उनाउ व्यक्तिको भोगमा रहेको देखिएको र कि.नं. ४४ को जग्गा पनि नयाँ नापीमा प्रतिवादी काशीप्रसादका नाममा दर्ता भएउपर वादीले उजूर गरेको नदेखिएको एवं अबण्डा रहेको भन्ने अंशबण्डाको पारीत लिखतमा उल्लेख नभएको अवस्था हुँदा वादीले उक्त कित्ताबाट दावीबमोजिम अंश छुट्याई लिन पाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको रिट नं. ३१५२, परमादेश समेत, *प्रकाशमणि शर्मा वि. प्र.मं. तथा मन्त्रिपरिषद् सचिवालय समेत*

रावल आयोगले काठमाडौंको नगरक्षेत्रको सम्बन्धमा मात्र अध्ययन गरी प्रतिवेदन प्रस्तुत गरेकोमा विशेषज्ञ समितिले काठमाडौंको अलावा देशका अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमा समेत छानबीन गर्न सुझाव प्रस्तुत गरेको देखिएको छ । अतः विशेषज्ञ समितिको उक्त प्रतिवेदनअनुसार रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमा समेत छानबीन गरी कानूनबमोजिम कारवाही गर्न वाञ्छनीय देखिएकोले सो कार्यलाई उच्च प्राथमिकता प्रदान गरी छिटो कार्यान्वयन गर्नू गराउनू भनी विपक्षीहरू नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ८२०९, परमादेश, *रामकृष्ण चक्रधर समेत वि. मालपोत कार्यालय, भक्तपुर समेत*

पुनरावेदकहरूले जुन जग्गाको सम्बन्धमा दावी लिएको देखिन्छ, सोही जग्गा मालपोत कार्यालयले प्रत्यर्थी तीर्थकुमार समेतका नाममा दर्ता गर्ने गरेको निर्णयउपर पुनरावेदन परी पुनरावेदन अदालतबाट सोही निर्णय सदर भै अन्तिम भैरहेको देखिएको अवस्थामा परमादेशको माध्यमबाट सबूद प्रमाणको मूल्याङ्कन गरी सोही जग्गा पुनरावेदकका नाममा दर्ता गरिदिनु भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल चैत २६ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०६२ सालको फौ.पु.नं. ३३३६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. मिलन गुरूङ्ग समेत*

अभियुक्तको साबिती वा इन्कारी बयान स्वयंमा प्रमाण हुने नभई सो बयान कुनै तथ्ययुक्त स्वतन्त्र र निश्चयात्मक प्रमाणबाट समर्थित हुनु पर्दछ र अनि मात्र अदालतले अभियुक्तको सो कथनलाई निर्णयको आधार बनाउन मिल्ने हुन्छ। यी प्रतिवादीले प्रस्तुत मुद्दामा अदालतमा गरेको इन्कारी बयान कुनै पनि वस्तुगत तथ्यपूर्ण एवं स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिँदैन। सोको विपरीत अधिकार प्राप्त अधिकारी समक्ष भएको साबिती बयान मिसिल संलग्न पीडितको केश फाराम एवं घटनामा प्रयोग भएको दशीको रूपमा बरामद भएको तरवार र चक्कु समेत स्वतन्त्र र मौकाको प्रमाणबाट समर्थित भएको अवस्थामा सो साबिती बयानलाई अपराध भएको पुष्टि गर्ने प्रमाणको रूपमा लिनुपर्ने।

इजलास अधिकृत : चुरामन खड्का
बिदुषी रायमाझी
इति संवत् २०६६ साल फागुन १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ८३३६, राजीनामा बदर, *सुदामा यादव वि. नीमनारायण यादव समेत*

प्रस्तुत फिराद गर्नुभन्दा अगावै भएको राजीनामा बदर गराउन दावी नै नलिएको अवस्थामा मुद्दा पर्दा पर्दैको अवस्थाको सरह मानी वादी दावीबमोजिम लिखत बदर गर्न नमिल्ने।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२-CI-८४८८, जग्गा खिचोला उठाई चलन, *रामप्रसाद यादव समेत वि. सरधादेवी यादव*

सरकारी दर्ता स्रेस्ताबाट वादीको स्वामित्व रहेकोमा विवाद नरहेको जग्गामा प्रतिवादीहरूले घर बनाएको कुरामा स्वीकारै गरेको र मिसिल संलग्न नक्सा मुचुल्काबाट सो तथ्यको पुष्ट्याई भई नक्सा मुचुल्को न.नं. ५ मा वादीको स्रेस्ताबमोजिमको क्षेत्रफल सम्मको जग्गामा प्रतिवादीहरूले घरहरू हटाई वादीलाई जग्गा चलन चलाई पाउने देखिन आउने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२-CI-०१७९, निर्णय दर्ता बदर दर्ता समेत, *प्रेमकुमार कुस्ले वि. सोमलक्ष्मी कुस्ले*

मुद्दा गर्ने कारणीको मृत्यु भएकोमा मुलुकी ऐन, अ.वं. ६२, नं. ७० न.मा मुद्दा सकार गर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार कुनै व्यक्ति मरी मुद्दा सकार गर्नुपर्ने अवस्थामा निजको मृत्यु भएको मितिले बाटाका म्याद वाहेक ३५ दिनभित्र वा मृत्य भएको ३५ दिनभित्र पछिको म्याद तारेख तोकिएकोमा सो तारेखका दिन निजका दैयादार अड्डामा आई मुद्दा सकार गर्नका लागि निवेदन दिनुपर्ने वाध्यात्मक कार्यविधि तोकिएको देखिन्छ। मुद्दाका पक्षको मृत्यु भएको लगत्तै निजका दैयादारले अड्डामा आई कानूनबमोजिम मुद्दा सकार नगरी लामो समयसम्म मुद्दा चलिरहन्छ भन्न नमिल्ने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ ३१ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०३१०, ०३११, कर्तव्य ज्यान, *प्रेमबहादुर कामी वि. नेपाल सरकार, टेकन सिंह कामी वि. नेपाल सरकार*

सरकारवादी मुद्दामा दावी प्रमाणित गर्ने भार वादीकै हुन्छ। फौजदारी मुद्दामा अमुक व्यक्तिलाई वादीले केवल अभियोग मात्र लगाएर पुग्दैन, गम्भीर अपराधको अभियोग लगाउँदा निजका विरूद्ध गढाउ गर्ने प्रमाण पनि गम्भीर किसिमले संकलित हुनु पर्दछ। केवल शंका र सुनेको आधारमा मात्र

अभियोजन गरेर निर्दोष व्यक्तिको स्वतन्त्रापूर्वक बाँच्न पाउने अधिकारको हनन् गर्नु कानूनी राज्यको मर्मविपरीत हुन जाने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०५१५, २०६५ सालको साधक नं. ००७९, कर्तव्य ज्यान, *कमला मेचे वि. नेपाल सरकार, नेपाल सरकार वि. कमला मेचे*

मृतकलाई मार्ने कुनै मनसाय (means rea) बिना नै महिलालाई बारम्बार चारित्रिक दोष लगाइएको तथा घरेलु हिंसाबाट प्रताडित हुनु परेको कारणबाट उठेको आवेग र आक्रोशमा आई वारदात भएको देखिएकोले यी पुनरावेदक प्रतिवादी कमला मेचेलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : विदुषी रायमाझी

संवत् २०६६ साल फागुन १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४-CI-०५३५, दूषित अंश छोडपत्र बदर, *निर्मल अर्याल वि. सुशीलादेवी अर्याल समेत*

अंशियारहरू मध्ये एकै पक्ष विपक्षबीच चली रहेको अंश दिलाई पाऊँ भन्ने मुद्दा तथा निजहरू बीच भएको अंश छोडपत्र बदर मुद्दा एक आपसमा अन्तरप्रभावी देखिएकोले सो दुबै मुद्दामा एकसाथ निर्णय गर्नुपर्नेमा सो नगरी अंश मुद्दा बाँकी राखी अंश छोडपत्र बदर मुद्दा मात्र फैसला गरेको काठमाडौ. जिल्ला अदालतको फैसला मिलेको नहुँदा प्रस्तुत मुद्दामा गरेको फैसला बदर हुने ठहऱ्याई प्रस्तुत मुद्दा तथा अंश चलन मुद्दा पनि साथै राखी दुबै मुद्दा एकसाथ फैसला गर्नुपर्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ०९५५, लिखत दर्ता बदर समेत, *गीता खड्का समेत वि. कृष्णबहादुर खड्का समेत*

जग्गाको दर्तावाला नै जग्गाको स्वामित्व प्राप्त व्यक्ति भएकोले आफ्नो स्वामित्व भएको अचल सम्पत्ति कानूनबमोजिम निजले बिक्री व्यवहार गर्ने लगायत आफूखुश गर्न पाउने नै हुन्छ । दर्तावाला व्यक्तिले बिक्री व्यवहार गरेकोमा आफ्नो दर्ता स्रेस्ताको वैध प्रमाण नभएको र भोग भएको भनी दावी लिएको मात्र सो बिक्री व्यवहारको लिखत बदर गरिपाउँ भन्न र अदालतले बदर गर्न नमिल्ने हुन्छ । यसरी कानूनबमोजिमका दर्तावाला व्यक्तिले आफ्नो स्वामित्वको जग्गा राजीनामा लिखत पारीत गरी दिएको लिखत दर्ता वादीको फिरादको आधारमा बदर हुन सक्ने अवस्था नहुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ८९६५, जग्गा रैकर परिणत, *बलराम खड्का वि. नरेन्द्रबहादुर थापा समेत*

विवादको कि.नं. १३ को जग्गाको सर्भे नापी हुँदा फिल्डबुकमा जग्गाधनी महेन्द्र थापा र हरेराम श्रेष्ठ भए पनि सो जग्गा कसैको नाउँमा दर्ता नभएकोले जग्गाधनी भनी फिल्डबुकमा जनिएको यी प्रत्यर्थीले मिति २०४८।३।५ मा उक्त जग्गालाई

छूट जग्गा दर्ता गरिपाऊँ भनी मालपोत कार्यालयमा आफ्नो हकको प्रमाणसाथ निवेदन दिएको र छूट जग्गा दर्ता समितिको सिफारिश समेतका आधारमा रीतपूर्वक साबिक मोठ स्रेस्ता र हकको स्रोत भिडाई यी प्रत्यर्थी नरेन्द्रबहादुर थापाको नाममा मालपोत कार्यालय चाबहिलले दर्ता गर्ने ठहऱ्याएको देखिन्छ। यस्तो अवस्थामा यी पुनरावेदकले दावीको जग्गाका सम्बन्धमा आफ्नो स्वामित्व र हक भोगको आधारभूत स्रोत र प्रमाण साथ दर्ता गरिपाऊँ भनी मालपोत कार्यालयमा उजूरी निवेदन दिएको नदेखिएको हुँदा तथा प्रत्यर्थीहरूको नाउँको दर्ता गर्ने कार्य रोक्का गरिपाऊँ भन्नेसम्मको निवेदन दिएकोले हक बेहकको प्रश्न निहित रहेको भन्न नमिल्ने।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल माघ ४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ८७१, अंश, *रामप्रसाद डगौरा चौधरी समेत वि. बुझौनी डगौरा*

अंशबण्डाको १८ नं. ले समानस्तरको अंशियारबीचको निजी आर्जन बण्डा गर्न कर नलाग्ने व्यवस्था गरेको हो। पिता वा पतिबाटै पत्नी तथा सन्तानले अंश पाउने हुन् पति तथा पिताबाट अंश पाउने वर्गको हक निजबाटै निःसृत हुने हो। तसर्थ पति पितालाई आफ्नी पत्नी र सन्तानका हकमा निजी आर्जन वा स्वआर्जनको विशेषाधिकार अंशबण्डाको १८ नं. ले प्रदान गरेको छैन। त्यसैले वादीले प्रतिवादीबाट तायदातीमा आएको सम्पत्तिबाट अश पाउने नै देखिने।

अंश लिई पाइसकेको भन्ने कानूनबमोजिमको प्रमाणको अभावमा वादीले अंश पाइसकेको भन्न मिल्ने नदेखिँदा दावीबमोजिम अंश पाउने।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६७ असार १६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३७०६, आयकर, *शिबकुमार कटुवाल वि. तीरूपति इन्टरप्राइजेज, बिराटनगर*

करदाता स्वयंले कर कार्यालयमा गरेको बयानमा उल्लेख गरेको खरीद अङ्कलाई आधार मानी कर अधिकृतले सोही बिक्री मूल्यमा ३ प्रतिशत खुद मुनाफा रू.१,२३,९१५।- कायम गरी कर निर्धारण गरेको देखिएकोले कर अधिकृतको सो कर निर्धारण आदेश आयकर ऐन, २०३१ अनुरूप नै भएको देखिने।

इजलास अधकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति सवत् २०६६ साल चैत १७ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-WO-०४९७, उत्प्रेषणयुक्त परमादेश, *गणेशप्रसाद सिग्देल वि. अर्थ मन्त्रालय समेत*

कानूनबमोजिम नियमित रूपमा हुने कुराहरू कानूनमा यथावत् रहेको अवस्थामा सो बमोजिम भएको कामबाट चित्त नबुझ्ने पक्षले कानूनले स्थापित अंगहरूमार्फत् वैकल्पिक उपाय खोज्न सक्ने स्थिति रहेको र गैरकानूनी कार्य गरी अख्तियारको दुरूपयोग गरेको अवस्थामा सोको लागि आवश्यक अनुसन्धान गरी कानूनको प्रक्रियामा ल्याउन सक्ने सम्पूर्ण स्थिति खुला रहँदा रहँदै अत्यन्त अनुमानित शंकाको आधारमा आफ्नो प्रत्यक्ष हक वा हितमा किञ्चित असर परेको स्थिति नै नदेखिई उत्प्रेषण लगायत परमादेशको आदेश जारी गरी पाउन माग गरेको निवेदकको निवेदन पत्र आधारहीन देखिने।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं.०१९२, निषेधाज्ञायुक्त परमादेश, *माहिला महर्जन वि. प्रेमलाल महर्जन समेत*

निवेदकको घरमा जान आउन प्रयोग भै रहेको बाटो माथि तला थपी वा अन्य कुनै पनि तरिकाले समेत अवरोध गर्न नमिल्ने अवस्थामा विपक्षीबाट सो जग्गा माथि निर्माण कार्य गरी बाटोको उपभोगमा अवरोध गर्न लागेको देखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्नेमा निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अब पुनरावेदकले उपभोग गरेको बाटोको उपभोगमा कुनै पनि किसिमको अवरोध सिर्जना नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** स.फौ.पु.नं. ६०१, भ्रष्टाचार, *जेनी श्रेष्ठ वि.नेपाल सरकार*

पुनरावेदिकाले पेश गरेको इन्टरमिडियट तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली हो भन्ने कुरा पुष्टि हुन आएकाले नक्कली प्रमाणपत्र पेश गरेपछि सोबाट लाभ लिए पनि वा नलिए पनि कसूरै कायम भई कसूरदारलाई सजाय हुने भनी पूर्ण इजलासबाट सिद्धान्त प्रतिपादन समेत भै सकेको हुँदा शुरू विशेष अदालतबाट कसूर कायम गरी प्रतिवादीलाई सजाय गर्ने गरी गरेको निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको ०६४-CR-०८१३, जालसाजी, *राकेश श्रेष्ठ वि. मिठुराम श्रेष्ठ समेत*

छोरी श्रेष्ठले राजीनामाबाट खरीद गरी लिएको सम्पत्ति बिक्री गर्दा लोग्ने मिठुराम श्रेष्ठ तथा छोराहरू श्यामसुन्दर श्रेष्ठ, हरिसुन्दर श्रेष्ठलाई साक्षी राखे पनि अंशियारमध्येको वादी राकेश श्रेष्ठलाई साक्षी नराखी निजको मञ्जूरी समेत नलिई छोरी श्रेष्ठले घरको मुख्य व्यक्तिको हैसियत भनी गंगाबहादुरलाई रजिष्ट्रेशन पारीत गरिदिएको कार्यले निश्चय नै यी वादी राकेश श्रेष्ठको अंश हकमा असर पर्न जाने हुन्छ। यसरी समान अंशियारका रूपमा रहेका २ छोराहरूलाई साक्षी राख्ने तर समान अंशियारका रूपमा रहेका यी राकेश श्रेष्ठलाई लिखत गर्दा साक्षी राख्ने वा निजको मञ्जूरी पनि लिने कार्य भए गरेको नदेखिई प्रत्यर्थी प्रतिवादीहरूको उल्लिखित कार्यले वादी राकेश श्रेष्ठको अंश हकमा असर पर्ने भै उक्त कार्य कानूनसम्मत भए गरेको नदेखिने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको ०६४-CI-१०१३, लिखत बदर, *राकेश श्रेष्ठ वि. मिठुराम श्रेष्ठ समेत*

विवादित कि.नं. ४०२ को जग्गा बिक्री गर्दा छोरी श्रेष्ठले पति एवं अन्य छोराहरूलाई साक्षी राखेको भए पनि वादी पनि छोरा भै निजलाई पनि साक्षी राख्नु पर्नेमा निज वादी राकेश श्रेष्ठलाई साक्षी राखेको पनि नदेखिएको र त्यसबाट निजको अंश हकमा असर पर्ने देखिएकोले वादी दावी बमोजिम र.नं. १९२० मिति २०६१।५।२८ को लिखतको ६ खण्डको १ खण्डसम्म लेनदेन व्यवहारको १० नं. बमोजिम हुने गरी लिखत बदर हुने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम्।

**इजलास नं. ७**

१

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ७५०, ७५१ र ८२९, रकम दिलाई पाऊँ, *नमस्ते ट्राभल्स प्रा.लि. वि. ए.सी. गार्मेन्ट, महेन्द्रमान श्रेष्ठ वि. ए.सी. गार्मेन्ट, अशोककुमार अग्रवाल वि. महेन्द्रमान श्रेष्ठ*

**मा.न्या.गौरी ढकालको राय**

करारिय दायित्व पूरा नभएको भन्ने विवादमा करार भंग भएको कारणले क्षति पुग्ने पक्ष (Agrrieved party) र करार भंग गर्ने पक्ष (Breaching party) मुद्दामा वादी र प्रतिवादीको रुपमा विवाद निरुपणको लागि आफ्नो दावी एवं जिकीरसहित अदालतमा प्रवेश गर्ने गर्दछन । करारका पक्षहरू मध्ये अर्को पक्षले करार भंग गरेको तथ्यगत रुपमा पुष्टि भएको अवस्थामा क्षति हुने पक्षले कानूनी उपचारको मार्ग अवलम्बन गर्नुपर्ने ।

करारको वास्तविक उल्लंघन भएको जानकारी प्राप्त गरेको मिति नै कानूनी उपचार खोजी गर्नुपर्ने पक्षका लागि हदम्याद शुरु हुने मिति हुने भनी मान्नुपर्ने हुन्छ । करारका दुई पक्षहरू मध्ये कुनै पक्षले करार उल्लंघन गरेमा सो उल्लंघन भएको जानकारी पाएको मिति नै अर्को पक्षको लागि मुद्दा गर्नुपर्ने कारण सिर्जना भई सोही मितिबाट हदम्याद प्रारम्भ हुने ।

**मा.न्या.ताहिर अली अन्सारीको राय**

कुनै व्यक्तिले आफूखुशी, आफ्नो सुविधाअनुसार मुद्दा गर्नुपर्ने कारण परेको मिति सिर्जना गर्न वा हदम्याद कायम गर्न सक्दैन । त्यस्तो छूट कसैलाई छैन र कानूनले त्यस्तो छूट प्रदान गरेको पनि छैन । दुई पक्षको व्यवहारले मुद्दा गर्नुपर्ने वास्तविक कारण परेको स्थिति देखिनु पर्दछ । कृत्रिम रूपमा मुद्दा गर्नुपर्ने कारणको सिर्जना गरी अनिश्चित कालसम्म हदम्याद बढाउँदै जान ऐनले छूट प्रदान गरेको छैन । ऐनको उद्देश्य विपरीत त्यसरी हदम्यादसम्बन्धी कानूनी प्रावधानको व्याख्या गर्न पनि मिल्ने होइन । आफैं कानूनी कारवाही गर्ने जानकारी गराएकोले प्रस्तुत मुद्दामा यी वादी पक्षले प्रतिवादीलाई पठाएको मिति २०५५।४।२० को पत्रको मितिलाई नै मुद्दा गर्नुपर्ने कारण परेको मिति मान्नुपर्ने हुन्छ । सो मितिबाट करार ऐन, २०२३ को दफा १८(२)(ग) को हदम्याद तीन महिनाभित्र फिराद गर्नुपर्ने ।

मा.न्या.श्री गौरी ढकालको रायसँग सहमत हुन नसकेकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको स.फौ.पु.न. ३७२०, फौ.पु.नं. ३३२७, लागू औषध,, *खेसबहादुर तामाङ्ग वि. नेपाल सरकार, नेपाल सरकार वि. मेघबहादुर तामाङ्ग समेत*

लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को देहाय (छ) (३) मा एकसय ग्रामदेखि माथि जतिसुकै परिमाणको निषेधित लागू औषधको कारोवार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाख रूपैयाँदेखि पच्चीस लाख रूपैयाँसम्म जरीवाना हुने भन्ने कानूनी व्यवस्था रहेको देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कसूरको मात्रा समेतलाई विचार गरी लागू औषध बोकी हिड्ने प्रतिवादी खेसबहादुर तामाङ्गलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को खण्ड (छ)(३) बमोजिम बीस वर्ष कैद र ८ लाख जरीवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखियो । अन्य प्रतिवादीहरू मेघबहादुर तामाङ्ग, सोमबहादुर तामाङ्ग र प्रतिवादी बुद्धिमान तामाङ्गलाई ऐ. ऐनको ऐ.दफाबमोजिम जनही पन्ध्र वर्ष कैद र रू. ५ लाख जरीवाना हुने ठहऱ्याएको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०६०।३।२५ को फैसला केही उल्टी गरी प्रतिवादीहरू मेघबहादुर तामाङ्ग, सोमबहादुर तामाङ्ग र प्रतिवादी बुद्धिमान अभियोग दावीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६१।१२।४ को फैसला सो सफाइ पाएका प्रतिवादीहरूको हकमा सम्म मिलेको

नदेखिँदा सो हदसम्म केही उल्टी भै प्रतिवादीहरू मेघबहादुर तामाङ्ग, सोमबहादुर तामाङ्ग र बुद्धिमान तामाङ्गलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) को खण्ड (छ) (३) बमोजिम जनही पन्ध्र वर्ष कैद र रू. पाँच लाख जरीवाना हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असार १ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. २४९, २०६५ सालको दे.पु.नं. ४५२, खिचोला मेटाई चलन चलाई पाऊँ, *द्वारिका राउत अहिर वि. रामायण राउत कुर्मी समेत, रामेश्वर राउत कुर्मी वि. द्वारिका राउत अहिर*

वादीले दावी लिएको न.नं. ५ को ०-०-१-१११/२ मा प्र. बालदेवकै भोग रहेको देखियो । न.नं. ५(क) को ०-०-०-१४ मा र न.नं. ६ को ०-०-०-१४१/२ मा समेत प्र. बालदेवकै भोग रहेको देखिएबाट सो न.नं. ५, ५क र ६ को कूल क्षेत्रफल ०-०-३-०, सँग निर्विवाद न.नं. ३ र ४ को हुने ०-०-७-१३१/२ समेत जग्गाको कूल क्षेत्रफल जोड्दा ०-०-१०-१३१/२ मात्र हुन आउने देखिन्छ । यसरी वादीले दावी लिएको विवादित न.नं. ५, ५क, र ६ को जग्गा वादीको कि.न. २३ भित्रको देखिन आएकोले न.न. २ मा प्रतिवादी रामायण राउतले र न.नं. ५, ५क र ६ मा प्रतिवादी बालदेव राउत कुर्मीले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. १६७, जबरजस्ती करणी, *नेपाल सरकार वि. मुबारक मिर मुसलमान*

जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ । यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवं सामाजिक प्रतिष्ठा, मान-मर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ । त्यसैले पीडितको क्षतिको आधारलाई जबरजस्ती करणीको अपराध प्रमाणित गर्ने सन्दर्भमा पहिलो मापकको रूपमा अदालतले ग्रहण गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा पीडक वा पीडितको कुन अङ्ग कहाँ, कतासम्म पुग्यो ? यो अत्यन्त गौण विषय हुन जान्छ । त्यसमा पनि एउटी सात वर्षीया नाबालिकासँगको यस्तो घृणित अपराधिक कार्यको सन्दर्भमा अरू कार्यहरू गरी सकेको अवस्थामा पीडितको योनीमा पीडकको लिङ्ग प्रवेश आंशिक वा पूर्ण जे जस्तो अवस्थाको भएपनि जबरजस्ती करणीको कसूर पर्याप्त हुन्छ । उद्योग भनेको जबरजस्ती करणीको प्रयास सम्म हो । जबरजस्ती करणी गर्ने कामको प्रारम्भ गरी सकेपछि उद्योगको अवस्था रहँदैन । त्यो काम जुन चरणसम्म गरेको भएपनि कामै गरेको ठहर्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६३-CI-००७६, अंश नामसारी, *झगरू कोइरी वि. सवारी कोइरी*

सर्जमिनमा आफ्नो भनाई राख्ने व्यक्तिहरू मध्ये केही व्यक्तिहरूले झगरूको मृत्यु भई सकेको भनी उल्लेख गरेको भनी निजले आफ्नो पुनरावेदनपत्रबाट स्वीकार गरेको देखिन्छ । लिखित प्रमाणहरूको अभावमा सर्जमिनमा बस्ने व्यक्तिहरूको परस्पर विरोधी भनाइहरूमध्ये एक पक्षमा राय व्यक्त गर्ने केही व्यक्तिहरूको भनाइलाई यकीन प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार वादीको हुने देखिन्छ । वादीले आफूले पेश गरेको एकासगोलको अंशियार हो भनी दावी प्रमाणित गर्न सकेको देखिँदैन । बरू वादीले आफूले पेश गरेका कुनै पनि प्रमाणद्वारा आफू प्रतिवादी

फौजदारको उखडा मुद्दाको मिसिलबाट सुखैका छोरा भनिएका व्यक्ति झगरूको मृत्यु भइसकेको देखिँदा यी वादी निज सुखैका छोरा होइन रहेछन् भनी वादी दावी खण्डन भएको देखिने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल असार ३० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.नं. ५६८, अंश हक कायम, *रामबाबु राय समेत वि. सोनेलाल राय*

लक्ष्मी रायको मिति २०६३।१०।२५ मा मृत्यु भए पछि मुलुकी ऐन, अपुतालीको महलको २० नं. को हदम्याद भित्र मृतक लक्ष्मी रायको सम्पत्ति सम्बन्धमा दुबै पक्ष वादी प्रतिवादी कसैको उजूरी परी लक्ष्मी रायको सम्पत्ति एकलौटी हक कायम गराउन सकेको देखिँदैन । यसरी दुबै पक्षले हदम्याद भित्र नालिस गरी आफ्नो अपुताली हक कायम गर्न नसकेको अवस्थामा निज लक्ष्मी रायको सम्पत्तिमा कसैको पनि हक हुँदैन भन्न मिलेन । त्यसमा पनि वादीहरू लक्ष्मी रायका अंश हक खाने अंशियार भएको हुँदा निजहरूका हकमा अपुतालीको २० नं. ले ३ वर्षको हदम्याद गुज्रेको मानी अंश हकबाट प्राप्त हुने सम्पत्ति माथिको हक समाप्त भएको अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
कम्प्युटर : मञ्जिता ढुंगाना
इति संवत् २०६७ साल असार ३० गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६४-CR-४६७, जालसाजी, *रामबाबु राय समेत वि. सोने लाल राय* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. ०५४१, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि. किशोर थापा*

बरामद भएका सि.डि.हरू प्रतिवादीको बरामदी कम्प्युटरको सि.पि.यु. बाट नै प्रतिलिपि तयार गरेको दावी भए तापनि बरामदी सि.पि.यु. मा भि.सि.डि. मा रहेका चलचित्रहरूसम्बन्धी फाइल रहेको भन्ने तथ्य उक्त बरामदी सि.पि.यु. को परीक्षणबाट प्रमाणित हुने गरी वादी पक्षले प्रमाण पेश गर्न सकेको मिसिलबाट देखिँदैन । बरामद गरिएकै कम्प्युटरको सि.पि.यु.बाट भि.सि.डि. का प्रतिलिपिहरू तयार गर्ने गरिएको भए त्यस्ता फाइलहरू उक्त सि.पि.यु. मा रहनु पर्ने र सोको वादी पक्षबाट पुष्टि गर्नुपर्ने हुन्छ । तर, प्रस्तुत मुद्दामा सि.पि.यु.को परीक्षण गरी उल्लिखित तथ्यको पुष्टि हुन सकेको छैन । बरामदी कम्प्युटरको सि.पि.यु. प्रयोग गरी सि.डि. हरू प्रतिलिपि बनाउने कार्य भएको भन्ने तथ्य नै पुष्टि नभई रहेको अवस्थामा बरामद कम्प्युटरको सि.पि.यु. जफत हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : मुक्ता प्याकुरेल
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ०८६५, लेनदेन, *मदोदरी देवी तेलीन वि. लक्ष्मीप्रसाद साह तेली*

पुनरावेदिकाको एकासगोलका पति सुदर्शन साह तेलीले तमसुकबमोजिम रकमको साँवा ब्याज बुझी खुशीराजीले भरपाई गरी सहीछाप गरी दिएको पुष्टि हुन आएको र मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ८ नं. लगायतका कानूनी व्यवस्थाअन्तर्गत सो भरपाई कागजले मान्यता पाउने नै देखिँदा पुनः तमसुकबमोजिमको साँवा ब्याज दिलाई भराई पाऊँ भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : मुक्ता प्याकुरेल
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०५९ सालको दे.पु.नं. ८५६९, नापी निर्णय बदर, *किडो चदारा समेत वि. भुण्टु चदारा समेत*

नक्सा मुचुल्का हेर्दा विवादित कि.नं. ७०१ लाई न.नं. ३ मा झगडा जनाएको देखिन्छ। उक्त जग्गा पूर्व न.नं. २ बाटो, पश्चिमतर्फ नं ४ लोके थापाको जग्गा, उत्तरको न.नं. १ बाटो र दक्षिणतर्फ नं ५ र ६ मा क्रमशः भीम थापा र लाल गिरी थापाको जग्गा रहेको देखिन्छ। फिरादीले फिरादमा उल्लेख गरेको उक्त कि.नं. ७०१ को चौकिल्ला हेर्दा चक्र थापा पूर्व, बाटा पश्चिम, डीलभीरा उत्तर र सुनजायाको रूख दक्षिण भनी उल्लेख गरेको पाइन्छ। यसरी फिरादीले दावी गरेको ४ किल्ला र नक्सा मुचुल्कामा उल्लेख भएको ४ किल्ला मिले भिडेको समेत देखिएन। यसबाट कि.न. ७०१ मा समेत वादीको दावी पुग्न सक्ने देखिन आएन। सो कि.नं. ७०१ को जग्गा प्रतिवादी पक्षकै हक भोगको देखिन आएबाट समेत प्रतिवादी पक्षले पेश गरेका तिरो तिरेका रसिद जालसाज हुन् भन्ने वादी पक्षको बयान जिकीर समेत पुग्न नसक्ने।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. १००३, खिचोला, *प्रशन्नकुमार मुल समेत वि. सानुमैया प्रधान*

एउटै दाताले अघिल्लो लिखतबाट ४ किल्ला उल्लेख गरी केही जग्गा बाँकी राखी जग्गा बिक्री गरेको र बाँकी जग्गा अर्को व्यक्तिलाई पछिल्लो लिखतबाट बढी क्षेत्रफल उल्लेख गरी बिक्री गरेकोमा अघिल्लो लिखतले पहिला कानूनी मान्यता प्राप्त गर्दछ। अघिल्लो लिखतले मान्यता पाउने भनेको त्यसमा लेखिएको चारकिल्लाको मान्यता पाउने हो। चारकिल्लाले मान्यता पाउनु भनेको चारकिल्लाभित्रको क्षेत्रफलको जग्गाले मान्यता पाउनु हो। यसको अर्को अर्थ के पनि हुन्छ भने पहिलो लिखतको चारकिल्ला भित्रको क्षेत्रफलको केही वा पूरै जग्गामा कानूनबमोजिम पहिला पाउनेबाट हकहस्तान्तरण नभई अन्य व्यक्तिको हक स्वामित्व कायम नहुनु हो। यसरी वादीको हकको स्रोतको लिखतमा वास्तविक क्षेत्रफलको जग्गाभन्दा बढी जग्गा उल्लेख गरी राजीनामाको लिखत पास गर्दैमा स्थलगत वास्तविक क्षेत्रफलभन्दा बढी जग्गामा हक कायम हुन नसक्ने।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : मुक्ता प्याकुरेल
इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. १००२, निर्णय दर्ता बदर, *प्रशन्नकुमार मुल समेत वि. सानुमैया प्रधान*
- २०६३ सालको दे.पु.नं. १००४, लिखत दर्ता बदर, *प्रशन्नकुमार मुल समेत वि. सानुमैया प्रधान*

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०२६३, अंगभंग, *नेपाल सरकार वि. रामदरेश महतो समेत*

प्रतिवादीको प्रहारबाट लोकिन्दर महतोको आँखा फुटेपछि प्रहारकर्ताले त्यसको दायित्व व्यहोर्नु पर्ने हुन्छ। आफूले गरेको कार्यको परिणाम एकदम अनपेक्षित र दुखद पनि हुन सक्दछ भन्ने कुराको जानकारी नभएर सो प्रहार गरेको भन्ने कतैबाट पुष्टि भएको छैन। त्यसकारण एकलाई ताकेर हानेको प्रहार अर्कैलाई लागेमा लक्ष्य गरेर नहानेको कारण सजायबाट बच्ने वा सजायमा छूट पाउन सक्ने अवस्था छैन। समान परिणाममूलक लक्ष्यकासाथ प्रहार गरेको देखिएकोले जोसुकैलाई लागी अंगभंग (Grievous Hurt) भएमा प्रहारकर्ता व्यक्ति फौजदारी दायित्वबाट पन्छिन नसक्ने।

प्रतिवादीले जाहेरवालालाई ताकेर हानेको होस् वा निजको नाबालक छोरालाई ताकेर हानेको

होस् वा दुबैलाई ताकेर झटारो हानेको होस् हान्ने र चोट पुऱ्याउने उद्देश्यकासाथ निजले जानी-जानी प्रहार गरेको हो । अन्य काम गर्दा भवितव्य भई लोकिन्दरलाई झटारो लागी निजको आँखा फुटेको होइन । त्यसकारण कुटपीटको ३ नं. ले भवितव्य भएको अवस्थामा निर्धारण गरेको सजाय प्रतिवादीलाई हुने नभई झटारोको प्रहारबाट लोकिन्दर महतोको एउटा वाँया आँखा फुटी काम नलाग्ने भएकोले प्र. रामनारायण महतोलाई कुटपीटको २ नं. अन्तर्गतको अंगभंगको कसूर गरेबापत कुटपीटको ६ नं. को कानूनी व्यवस्थाअनुसार ४ (चार) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरीवाना हुने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साउन १७ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८७४७, धर्मपुत्र लिखत बदर, *कपिलदेव भगत माली वि. पण्डित साह कलवार*

आफ्ना आमा बाबुका यी पुनरावेदक प्रतिवादी कपिलदेव भगत माली एकमात्र छोरा भएको र एउटा छोरा मात्र भएका र अरू छोरा नभएकाले ऐनले धर्मपुत्र दिन लिन हक पुगेको भए पनि त्यस्तो एउटा छोरालाई धर्मपुत्र दिनेले दिन र राख्नेले राख्न पनि नहुने हुँदा यी पुनरावेदक कपिलदेव भगत माली कसैको धर्मपुत्र बन्नसक्ने अवस्था नहुँदा वादी दावी बमोजिम २०५५।११।१२ को र.नं. ४७२० को मालपोत कार्यालय बाराको धर्मपुत्रको लिखत बदर हुने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : चन्द्र तिमल्सिना

इति संवत् २०६७ साउन १७ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६६ सालको फौ.पु.नं. ०७०३, जालसाजी, *पण्डित साह कलवार वि. सकली देवी माली समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३२७८, मृत्यु प्रमाणपत्र बदर, *कपिलदेव भगत माली वि. नेपाल सरकार*

अड्डाबाट जारी भएको समाव्हान इतलायनामाको म्याद तारेखमा प्रतिवादी नदिई म्याद गुजारी बसेका झगडियाको ऐनबमोजिम एकतर्फी प्रमाण बुझी भएका फैसलाउपर पुनरावेदन लाग्न सक्दैन भनी मुलुकी ऐन अ.बं. २०८ नं. मा स्पष्ट उल्लेख भएको परिप्रेक्ष्यमा शुरू म्यादै गुजारी बसेको यी प्रतिवादी कपिलदेव भगत मालीको परेको पुनरावेदनबाट तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : चन्द्र तिमल्सिना

इति संवत् २०६७ साउन १७ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं.४५१, मोही नामसारी, *कन्तु चौधरी थारू वि. सोमनीदेवी खत्वेनी*

कि.नं. ६२५ को जग्गा पुनरावेदकका पिता कुसुमलाल चौधरीले साविक जग्गाधनी गुल महम्मदउपर मोही प्रमाणपत्र पाऊँ भनी भूमिसुधार कार्यालय सप्तरीमा २०४८।४।३० मा निवेदन दिएको मुद्दामा वादीले तारेख गुजारेको कारणबाट मिति २०४९।९।२२ मा सो मुद्दा तामेलीमा रही अन्तिम भै बसेको देखिन्छ । यसरी यी पुनरावेदक वादीकै पिताले दावीको जग्गामा आफ्नो मोही हक कायम गराउन नसकेको अवस्थामा पिताको नामबाट मेरो नाउँमा मोही दर्ता नामसारी गरी प्रमाणपत्र पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६४ सालको दे.पु.नं. ४५२, मोही नामसारी, *कन्तु चौधरी थारू वि. राजकुमारी देवी साह*
- २०६४ सालको दे.पु.नं. ४५५, मोही दर्ता नामसारी, *कन्तु चौधरी थारू वि. मोहिद मियाँ*

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०७५४, सवारी ज्यान र सवारी अंगभंग, *नेपाल सरकार वि. लक्ष्मण लामा समेत*

प्रतिवादी गाडीधनी रामकुमार लामाले सवारी चालक अनुमति पत्र नभएको व्यक्ति आफ्नो भाई लक्ष्मण लामालाई आफ्नो गाडी चलाउन दिई लक्ष्मण लामाले चलाएको गाडीबाट सवारी दुर्घटना भई मानिसको मृत्यु समेत भएको अवस्थामा प्रतिवादी लक्ष्मण लामालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) बमोजिम थप रू.२,०००।- जरीवाना हुन्छ । यसका साथै प्रतिवादी गाडीधनी रामकुमार लामालाई ऐ. ऐनको दफा १६१ (५) बमोजिम सजाय गर्नुपर्नेमा नगरी अधियोग दावीबाट सफाइ दिएको मिलेको नदेखिँदा निज प्रतिवादी रामकुमार लामालाई पनि एक महिना कैद हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ १ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ३७७९, पुरातात्विक मूर्ति चोरी, *नेपाल सरकार वि. लाक्पा छिरिङ धोक्पा समेत*

प्रतिवादीहरूउपर अभियोगपत्र दर्ता गर्दा प्रतिवादीहरूलाई सजायको माग दावीसम्म लिई बिगोतर्फको माग दावी नै लिएको देखिँदैन । यसरी बरामद भएका सामानहरू कुन पुरातात्विक महत्वका हुन् र कुन होइनन् भनी प्राविधिक परीक्षण गरी सबैको मूल्य प्राविधिकबाटै यकीन गर्नुपर्नेमा अस्पष्ट रूपमा बिगो उल्लेखसम्म गरिएको देखिन्छ । अर्कातर्फ शुरू अभियोग पेश गर्दा स्पष्टसँग बिगो उल्लेख गरिएको र सो बिगोको हकमा अभियोग पत्रमा दावी नै लिइएको देखिन्न । अस्पष्ट बिगो उल्लेख गरिएको र सो बिगोको हकमा अभियोगपत्रमा विगोतर्फ दावी लिनुपर्नेमा दावी नै नलिएको अवस्थामा हाल आएर अदालतको फैसलामा बिगोको हकमा नबोलिएको भनी बिगोका सम्बन्धमा लिइएको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. १००९५, अंश चलन, *बीनु बैजू समेत वि. नवराज बैजू*

वादी एवं वादीकी आमाको नागरिकताको प्रमाणपत्र कानूनी अस्तित्वमा रहेको र नागरिकताको प्रमाणपत्रबाट मनश्याम बैजू र नवराज बैजू बाबु छोरा नाताको भएको देखिन्छ । त्यस्तै वादीकी आमा मीनु बैजुलाई शुरू अदालतबाट बुझ्दा आफू मनश्याम बैजूको श्रीमती भएको, वादी नवराज मनश्याम बैजूको छोरा भएको र पति एवं सौताले वास्ता नगरेकोले बाध्य भई आफूले पछि दोस्रो विवाह गरेको भनी बयानमा उल्लेख गरेको पाइन्छ । यसरी पेश भएका नागरिकताको प्रमाणपत्रहरू वादीकी आमा मीनु बैजूको बयानका साथै वादी एवं प्रतिवादी सरोज बैजूकी हजुरआमा ९८ वर्षकी बदनी पञ्चकोटीले गरेको बकपत्र समेतबाट वादी नवराज बैजू मनश्याम बैजुको छोरा नाताको भई वादी प्रतिवादीहरू अंशियार नाताभित्रका भएको पुष्टि हुने ।

प्रतिवादीले विभिन्न मितिमा रजिष्ट्रेशन पास गराई लिएको हालैदेखिका बकसपत्रको सम्पत्ति बाहेक अन्य सम्पत्तिबाट विवाह हुन बाँकी ३ छोरा र १ छोरीको विवाह खर्च पर सार्नु पर्नेमा ३ छोराहरूको मात्र विवाह खर्च पर सार्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिई अरूमा पुनरावेदन अदालतको फैसला मिलेकै देखियो । तसर्थ, वादीले प्रतिवादीहरूबाट ५ भागको १ भाग अंश पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसला

मिलेकै देखिँदा सदर हुने ठहर्छ । अविवाहित छोरी सँगीता बैजूको समेत अंशबण्डाको १७ नं. बमोजिम विवाह खर्च पर सार्नुपर्ने ।
इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ९७७१, अवैध रूपमा भवन निर्माण, *सन्तोष कार्की समेत वि नविनकुमार सुनुवार समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को उपदफा (४) र (५) अनुसार नगर प्रमुखले गरेको निर्णयउपर परेको पुनरावेदनमा पुनरावेदन अदालतको फैसला अन्तिम हुनेछ भनी सोही ऐनको दफा १६२(१) ले व्यवस्था गरेकोले त्यसको विपरीत हुने गरी पुनरावेदन अदालतले पुनरावेदनको म्याद दिएबाटै पुनरावेदनको हक सिर्जना हुन नसक्ने हुनाले उक्त दफा १६२ को विपरीत परेको प्रस्तुत पुनरावेदनबाट तथ्यभित्र प्रवेश गरी इन्साफ गर्न मिलेन । पुनरावेदन खारेज हुने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साउन १८ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८५५७, निर्णय बदर हक कायम समेत, *सिद्धिबिक्रमध्वज जोशी समेत वि. कुल नारायण डंगोल*

सम्पत्तिमा हक संरक्षण गर्न दावीकर्ता सजग र सचेष्ट रहनु पर्दछ । विवादित जग्गा वादीको भएमा जग्गा नापजाँच हुँदा जग्गावालाले आफ्नो हकभोगको प्रमाण आफैं वा आफ्नो प्रतिनिधिद्वारा पठाई आफ्नो जग्गा दर्ता गराउनु पर्नेमा वादी पक्षले सो समेत गर्न सकेको देखिँदैन । जग्गा नापजाँच हुँदा कुनै जग्गा नापजाँच हुन छूट भएको वा नापजाँच भए पनि दर्ता हुन छूट भएमा सम्बन्धित व्यक्तिले आवश्यक कागजसहित तोकिएको अधिकारीसमक्ष तत्कालै निवेदन दिन सक्नेमा त्यसो गरेको पनि पाइएन । यस स्थितिमा सबूद प्रमाण बुझी यी प्रतिवादीहरूका नाउँमा विवादित जग्गा सगोलमा रै.प.ना.सा. दर्ता गर्ने गरी समितिको सिफारिशबमोजिम मालपोत कार्यालय काठमाडौंले गरेको निर्णय कानूनसम्मत नै देखिने ।
इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साउन १८ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०५९ सालको दे.पु.नं. ८५५८, हक कायम, *सिद्धिबिक्रमध्वज जोशी वि. कुलनारायण डंगोल* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ८

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. ०५६५, २०६४ सालको साधक नं. ०९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.महरजनी महतो, नेपाल सरकार वि. भीमबहादुर महतो*

अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी भिमबहादुर महतोले मृतक शान्ति महतोको घाँटी थिची कर्तव्य गरी मारेको भनी कसूरमा साबिती रही बयान गरेको देखिँदा र शव परीक्षण प्रतिवेदनबाट पनि घाँटी थिचेको कारण मृत्यु भएको भन्ने विशेषज्ञको राय भएको, किटानी जाहेरी, प्रत्यक्षदर्शी गोमाले मौकामा भनेको भनी थाहा पाएअनुसार सुमित्रा थापाले अदालतमा उपस्थित भै गरिदिएको बकपत्र लगायत सबूद प्रमाणबाट अनुसन्धान अधिकृत समक्ष गरेको बयानलाई प्रमाण समेतले समर्थन गरिरहेको अवस्थामा यी प्रतिवादी भीमबहादुर महतो प्रस्तुत कर्तव्य ज्यानसम्बन्धी वारदातमा संलग्न रहेको व्यहोरा पुष्टि हुन आउने ।
इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६६ साल चैत ३१ गते रोज ३ शुभम् ।

**इजलास नं. ९**

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ०६३-WO-११९१, उत्प्रेषण, *रामभजन भगत माली वि. राजकलीदेवी तत्मिनी समेत*

कि.नं. ४५२ जग्गा बाँडपाँड गरिपाऊँ भनी राजकलीदेवी तत्मीनको निवेदन परी भूमिसुधार कार्यालय रौतहटबाट जग्गामा निरीक्षण गरी गा.वि.स. को राय तथा नक्सा समेतलाई मध्यनजर गरी कि.न. ४५२ को ०-२-९ मध्ये पश्चिमतर्फबाट आधि जग्गा जग्गाधनीलाई कायम राखी पूर्वतर्फबाट आधी जग्गा निवेदक मोही राजकलीदेवी तत्मीन कायम हुने गरी मिति २०६३।४।४ मा बाँडफाँडको निर्णय भएको सो निर्णयको प्रतिलिपि र रिट निवेदन लेखसमेतबाट देखिँदा मिति २०६०।१२।२ मा नै विपक्षी राजकलीदेवीका नाममा मोही नामसारी भइसकेको जग्गाको भूमि सम्बन्धी ऐन, २०२१ को दफा २५ बमोजिम मोही लागेको जग्गाको बाँडफाँड गर्न अधिकार प्राप्त निकाय भूमिसुधार अधिकारीबाट स्थलगत सर्जमिन, नक्सा लगायतका प्रमाण बुझी जग्गा बाँडफाँडको निर्णय गरेको बेरीतको नदेखिने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख ३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CI-०६९३, अंश दपोट, *रामवरण अहिर वि. पियारे अहिर*

पुनरावेदक रामवरण अहिरले दावी लिएका जग्गामध्ये निजका बाबु समेतका नाममा रहेका कि.न. ८७३ र ५८२ जग्गाको यी वादी पुनरावेदकले नै तायदाती पेश गरेको र यिनै वादीले पनि तायदाती फाँटवारीमा उक्त जग्गा छुटाएको अवस्था छ भने कि.नं. २३० को जग्गाको जग्गाधनी स्रेस्तामा धेरै जग्गा भएको कारण छुटेको भन्ने भनाई रहेकोमा सो जग्गा समेत देखिने स्रेस्ता अदालतबाट समेत माग गरी मिसिल संलग्न रहेको एवं कि.नं. ८६६, ८६१, ८७२ र ८७४ का जग्गाको स्रोत समेत यी वादी पुनरावेदकका बाबु पिताम्बर अहिरका नाममा दर्ता भएको कि.नं. ८७३ को जग्गाको स्रोत कि.नं. १४५ रहेको तथा मुल अंश मुद्दामा सम्बन्धित जग्गाधनीबाट तायदाती विवरण पेश नभई अन्य प्रतिवादीबाट पेश भएको अवस्था र आधारमा अंश मुद्दामा एक्लै खाने उद्देश्यले दबाए छिपाएको भन्न नमिल्ने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत
इति संवत् २०६७ साल भदौ २ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२-CR-३१५८, *कर्तव्य ज्यान, नेपाल सरकार वि. अजीज मुसलमान समेत*

कुनै कागज मृत्युकालीन घोषण हो वा होइन निर्क्योल गर्न घोषणाकर्तालाई आफू मृत्युको सन्निकट रहेको आभास भएकै हुनु पर्ने । सिद्धान्ततः आफू पक्कै मर्ने अवस्थामा पुगेको आभास घोषणकर्तालाई भएको सम्बन्धित कागजबाट देखिएको छ भन्ने स्थापित भएपछि मात्र त्यसका अन्तरवस्तुमा प्रवेश गर्न मिल्ने ।

प्रमाण ऐनको दफा ११ को सीमामा परेन भन्दैमा कुनै लिखित अभिव्यक्ति प्रमाण शून्य हुँदैन । प्रमाण ऐनका अन्य कुनै व्यवस्थाअन्तर्गत त्यो प्रमाण हुन सक्दछ भने त्यसको न्यायिक मूल्याङ्कन हुनसक्ने ।

आफूउपर घटेको घटनाका सम्बन्धमा सविस्तार व्यक्त गरी गरिदिएको कागजलाई अन्य स्वतन्त्र प्रमाणबाट खण्डित भएको अवस्था नहुँदा प्रमाण ऐनको दफा १० बमोजिम प्रमाणको रूपमा ग्राह्य हुने ।

मृतक र प्रतिवादी बीच पूर्व रिसइवी रहेको भन्ने स्वयं मृतकले गरेको कागजबाट पनि देखिँदैन । गाउँघरमा कुलो पानी फोहारमैला फाल्ने विषयका सम्बन्धमा भै झगडा बारम्बार भइरहने र प्रस्तुत वारदातमा फोहोर फाल्ने विषयलाई लिएर प्रतिवादी समूह तथा मृतक तथा जाहेरवाला समूहबीच विवाद भै सोही विषयको जरियाबाट हुलमुलमा हुन गएको

कुटपीटबाट मृतक कल्लु गिरीको १९ दिनपछि पेट र रगतमा भएको संक्रमणबाट मृत्यु भएको देखिँदा वारदात हुँदाको अवस्था, मृत्युको कारण र झगडाको विषयवस्तुलाई समेत विचार गर्दा प्रतिवादीहरू अब्दुल अजीज मुसलमान भन्ने अजीज मुसलमान निरधिन गिरी भन्ने राजकुमार गिरी, छेदी कुर्मी भन्ने छेदीप्रसाद चौधरी, बक्रीको छोरा अब्दुल कलाम मुसलमानलाई मुलुकी ऐन, ज्यान सम्वन्धी १३(३) नं. बमोजिम २० वर्ष कैद सजाय गर्दा चर्को पर्ने देखिन जाँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०५९ सालको अनुमति नं. ३४८५, आयकर, *जगदीशप्रसाद अग्रवाल वि. आन्तरिक राजश्व कार्यालय बिराटनगर*

आर्थिक ऐन, २०५६ को दफा ९ को अनुसूची ६ को दफा ३० को व्यवस्थालाई स्वीकार गरी बिक्री अङ्क निकाली सोको ३ प्रतिशतले हुने मात्र खुद आय निर्धारण गरेको प्रमाणमा रहेको सोही आ.व.को घनश्याम स्टोर बिराटनगरको मिसिलबाट देखिन आएको छ । तसर्थ एकै समान प्रकृतिको कारोबारमा खुद आय निर्धारण गर्दा सो ऐनको दफा ९ को अनुसूची ६ को दफा ३० को व्यवस्थाको अवलम्बन गरी समान तरिकाले गर्नुपर्ने हुन्छ । कानूनको दृष्टिमा सबै व्यक्ति समान हुने र सबै व्यक्ति कानूनको समान संरक्षणको हकदार हुने हुँदा समान प्रकृतिको कारोबारमा समान तरिकाले खुद आय निर्धारण गर्नु पर्नेमा न्यायिक समानताको सिद्धान्त विपरीत पुनरावेदकको हकमा ६ प्रतिशत खुद आय कायम गरेको कर कार्यालय बिराटनगरको मिति २०५८।३।३१ को निर्णय त्रुटिपूर्ण भै मिलेको नदेखिने ।

इजलास अधिकृत : खड्गबहादुर बिष्ट

संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३१५०, आयकर, *अवनीन्द्रकुमार श्रेष्ठ वि. भूदेव ट्रेडिङ्ग, बिराटनगर*

कुनै पनि मुद्दा हेर्ने क्षेत्राधिकार कानूनले स्पष्ट शब्दमा तोकिदिएको हुन्छ । जुन मुद्दाको शुरू कारवाही पुनरावेदन जुन निकायबाट हेर्ने भनी किटानी गरिएको हुन्छ सो मुद्दा सोही निकायबाट मात्र सुनुवाई गरी निर्णय गर्नु पर्छ । तोकिदिएको निकाय बाहेक अन्यत्र निकायबाट सुनुवाई गरिएमा त्यसको कानूनी मान्यता शून्य हुनजान्छ । यसरी माथि उल्लिखित दोश्रो प्रश्नलाई समेत साथै अध्ययन गर्दा काठमाडौं स्थित आन्तरिक राजश्व विभाग ठूला करदाता कर परीक्षण शाखाबाट उक्त भूदेव ट्रेडिङ्गको आ.व. २०५६।५७ को कर निर्धारण निर्णय २०६०।३।२२ मा भएको र सो निर्णयउपर पुनरावेदन परी २०६०।४।२५ मा राजश्व न्यायाधीकरण बिराटनगरबाट भएको निर्णय क्षेत्राधिकारविहीन देखिने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल जेठ २ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३-WO-०४०७, उत्प्रेषण, *बीजयकुमार घिमिरे वि. काठमाडौं महानगरपालिका बागदरवार समेत*

मिति २०६२।१।२३ को गोरखापत्रमा प्रकाशित सूचनामा अतिक्रमण भएका सार्वजनिक जग्गा खाली गराई सडक निर्माण तथा विस्तार गर्ने कुरा उल्लेख भई निवेदकको व्यक्तिगत हक स्थापित जग्गाबाट पर्खाल तथा निर्माण सम्पन्न कुनै वस्तु हटाउने अवस्था नदेखिएकोले उक्त सूचना उत्प्रेषणको आदेशद्वारा बदर गर्न पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३६४६, उत्प्रेषण, *चैत्यमाया*

*महर्जन वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

निवेदिकाको ससुरा विवादित गुठी जग्गाको गुठीयार भएको र सो जग्गामा जोत भोग गर्नसम्म पाउने तर मोही कायम हुन नसक्ने नै देखियो। निवेदिकाले बदरको माग गरेको गुठी तहसील कार्यालयको निर्णय हुनु अगावै सोही विषयमा २०४५।५।९ मा निर्णय भै सो निर्णयमा चित्त नबुझी साधिकार निकायबाट विवादको निरोपण अन्तिम भै बसेको अवस्थामा हाल आएर सो निर्णयको बारेमा कुनै थाहा जानकारी नपाए जस्तो गरी रिट क्षेत्रमा प्रवेश गरी उपचारको माग गर्न पाउने अधिकार निवेदिकालाई भएको देखिएन। गुठी तहसील शाखा कार्यालयबाट मिति २०६०।२।१९ को रायको आधारमा गठी संस्थान केन्द्रीय कार्यालयले २०६०।११।१४ मा गरेको निर्णयलाई आधार बनाई मालपोत कार्यालयले २०६२।१।१५ मा तयार गरेको जग्गाधनी प्रमाण पूर्जा समेत बदर हुने अवस्था नदेखिएको विद्यमान अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी नहुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६८६, उत्प्रेषणयुक्त परमादेश, *भक्तबहादुर गुरूङ्ग वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

सरकारका प्रत्येक निकाय वा कार्यालयले आफूलाई तोकिएको कार्य सम्पादन गर्दा कानूनले दिएको अख्तियारी भित्र रही निर्णय गर्नुपर्ने हुन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने छ भनी बाध्यात्मक रूपमा रहेको संवैधानिक व्यवस्थाको पालना गर्नुपर्ने हुन्छ। विवादको विषयमा यस अदालतबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी पुनः निर्णय गर्नु भनी दिएको परमादेशको आदेशलाई रोक लगाउने, निष्क्रिय तुल्याउने गरी निर्णय र निर्देशन दिने अधिकार प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रचलित कानूनले प्रदान गरेको नपाइने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : विश्वराज पौडेल

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम्।

- यसमा यसै प्रकृतिको २०६५ सालको रिट नं. ०८०४, उत्प्रेषणयुक्त परमादेश, *भोलामान राई समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको दे.पु.नं. ०५७३, मिलापत्र दर्ता बदर अपुताली हक कायम जग्गा खिचोला हक कायम, *ब्रम्हानन्द झा वि. सरोजानन्द झा समेत*

जुन कारणले आफ्नो हक गुम्न गएको हो प्रथमतः सोही कारणको खोजी गर्नु पर्दछ। यी पुनरावेदकको हक समाप्त हुने कारण यिनकै दावी जिकीरअनुसार पनि मिति २०५९।६।७ को मिलापत्र नै हो भनी पुष्टि भएको छ। यसरी मिलापत्रको कारणले हक समाप्त भएको अवस्थामा सो बदर गराउन कानूनले निर्दिष्ट गरेको आधारअनुरूप नै पक्षहरू अग्रसर हुनुपर्दछ। स्पष्ट रूपमा एकातर्फबाट प्राप्त हुने उपचारमा सान्दर्भिक अन्य आधार देखाई उपचारका लागि प्रवेश गर्न कानूनतः मिल्ने देखिँदैन। कानूनमा निर्दिष्ट रूपमा तोकिएको हदम्याद समाप्त भैसकेपश्चात् असान्दर्भिक आधार तेर्स्याई उपचारको लागि प्रवेश गर्न कानूनतः नमिल्ने।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. २७८६, उत्प्रेषण परमादेश, *ब्रम्हानन्द झा वि.पुनरावेदन अदालत हेटौंडा समेत*

ठहर खण्डमा बोलिएको व्यहोरालाई कार्यान्वयनमा सरल र सहज बनाउने उद्देश्यले गरिएको संशोधन फैसलाकै एक अभिन्न अंगको रूपमा रहे बसेको अवस्थामा सो संशोधन आदेशलाई अ.ब. १७ नं. को सीमित कानूनी व्यवस्थाको परिधिभित्र

रहेको भनी न्याय प्रशासन ऐन, २०४८ को दफा १६ अन्तर्गत हेरिने अन्तर्कालीन आदेशको समकक्षमा राखी सोउपर निवेदन लिई अन्तिम फैसलामा तात्विक असर पर्ने गरी जिल्ला अदालतको आदेश बदर गरेको पुनरावेदन अदालतको आदेशमा अधिकार क्षेत्रात्मक त्रुटि देखिने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. ०६७४, ०८६२, ०८७४ मिलापत्र बदर, *ब्रम्हानन्द झा वि. सरोजानन्द झा समेत, चतुरानन्द झा वि. सरोजानन्द झा समेत, अजयानन्द झा वि. निर्मलादेवी झा समेत*
- २०६५ सालको दे.पु.नं. ०५१६, जालसाजी, *ब्रम्हानन्द झा वि. सरोजानन्द झा समेत*

## इजलास नं. १०

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५-CR-०३५१, ०४०७, जबरजस्ती करणी, *सञ्जय राई वि. नेपाल सरकार, रमेश श्रेष्ठ (वि.क.) वि. नेपाल सरकार*

प्रतिवादीहरूले हतियारको भरमा आतङ्कित पारेर रातको समयमा एकान्त स्थानमा लगेको र वारदातको अवस्था र प्रतिवादीहरूको संख्या समेतका कारण जाहेरवालीले प्रतिरोध गर्न नसक्नु स्वाभाविक नै हुने हँदा सो समेत कारण पीडितको शरीरको अन्य भागमा समेत प्रतिरोधको घा चोट नदेखिनु स्वाभाविक नै मान्नु पर्ने हुन्छ भने अर्कोतर्फ वारदातको प्रकृति र प्रतिवादीहरूको मनोवृत्ति समेतबाट सो वारदात जाहेरवालीको इच्छा विरूद्ध जबरजस्ती गरिएको होइन भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.न. ९५६९, जग्गा खिचोला चलन, *लक्ष्मीदेवी सिंह समेत वि. बच्चाप्रसाद सिंह*

मिति २०५१।५।१० मा भै आएको नक्सा मुचुल्कामा विवाद जनिएको कि.नं. ७१ न.नं. १क २ख मा प्रतिवादीले कम्पाउण्ड वाल लगाएको प्रतिउत्तर जिकीरबमोजिमको निजको भोगको जग्गा भनी उल्लेख भएको देखिन्छ । उक्त जग्गामध्ये न.नं. १क र १ख को जग्गाको क्षेत्रफल जोड्दा ०-१-५-२ १/२ र.न.नं. २क र २ख को क्षेत्रफल जोड्दा ०-१-१०-४ हुन आउने देखिन्छ । दुबै जग्गाको क्षेत्रफल जोड्दा ०-२-१५-६१/२ हुन आउँछ । जबकि प्रतिवादीले मिति २०४६।२।२७ को राजीनामाद्वारा क्षे.फ.०-१-१० जग्गा मात्र खरीद गरेको देखिन्छ । त्यस्तै प्रतिवादीले नक्सा पासका लागि पेश गरेको मिति २०४८।२।२४ को निवेदनमा जम्मा क्षे.फ. ०-१-१० को दावी गरेको र त्यति नै जग्गाको नक्सा पास भएको देखिन्छ । यस अघि मिति २०४६।२।३१ मा जनकपुर शहरीक्षेत्र नापी टोली समक्ष पेश गरेको निवेदनमा पनि क्षे.फ. ०-१-१० उल्लेख गरेको देखिन्छ । यस प्रकार विभिन्न निकायसमक्ष पेश गरेको निवेदन इत्यादिमा क्षेत्रफल ०-१-१० उल्लेख गरी स्वीकार गरी भएकोमा ठोस आधार बिना वादीको क्षे.फ. ०-१-५ थप बढी जग्गा दावी गर्न पाउने अवस्था भएन । र प्रतिवादीको भनाई र नक्सा समेतबाट वादीको ०-१-५ बढी जग्गा भोग गरेको अवस्था हुँदा जग्गा खिचोला गरेकै देखिने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८९०६, ८९११, घर भत्काई पाऊँ, *तुलसी श्रेष्ठ वि. कमला*

*तुलाधर समेत, सूर्यमान श्रेष्ठ वि. कमला तुलाधर समेत*

प्रतिवादी जमुनादेवीले विवादित कि.न. ९७१ को जग्गामा मिति २०५०।१२।२० मा घर निर्माण गरेको हो वा निजले कमला तुलाधरबाट लिखत पारीत गरिलिंदा नै घर उल्लेख थियो भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी कमला तुलाधर र जमुनादेवीबीच भएको र.नं. ४०९०, मिति २०३३।१२।२ को हालैदेखिको बकसपत्रको लिखतमा नै घर समेत उल्लेख भई लिखत पारित भएको देखिँदा मिति २०५०।१२।२० मा यी प्रतिवादी जमुनादेवीले घर निर्माण गरेको भन्ने वादी दावी मनासिब नदेखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८९०५, ८९०९, घर भत्काई पाऊँ, *तुलसी श्रेष्ठ वि. गोपालप्रसाद उपाध्याय समेत, सूर्यमान श्रेष्ठ वि. गोपालप्रसाद उपाध्याय समेत*

प्रतिवादी जीवनप्रसाद ओझा र निर्मलप्रसाद ओझाले विवादित कि.नं. ९७० को जग्गामा मिति २०५०।१०।२७ मा घर निर्माण गरेको हो वा निजहरूले गोपालप्रसाद उपाध्यायबाट लिखत गरी लिनुभन्दा अगाडिदेखि नै घर रहेको थियो भन्ने सम्बन्धमा विचार कि.नं. ९७० को जग्गा गोपालप्रसाद उपाध्यायले राज्यश्री श्रेष्ठबाट मिति २०३६।५।१४ मा हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त गरी उक्त जग्गामा मिति २०३७।१।२७ मा नक्सा पास गरी घर निर्माण गरिसकेको उक्त घर सहितको जग्गा यी प्रतिवादीहरू जीवनप्रसाद ओझा र निर्मलप्रसाद ओझाले मिति २०५०।३।२१ मा हालै देखिको बकसपत्रको लिखतबाट प्राप्त गरेको देखिन्छ । प्रतिवादी गोपालप्रसाद उपाध्यायले मिति २०३७।१।२७ मा नक्सा पास गरी बनाएको घर नै यी प्रतिवादीहरू जीवनप्रसाद ओझा र निर्मलप्रसाद ओझाले मिति २०४९।८।११ मा उक्त घरसहितको जग्गा हालैदेखिको बकसपत्रको लिखत गरिलिएको देखिँदा मिति २०५०।१०।२७ मा घर निर्माण गरेको भन्ने.वादी दावी मनासिब नदेखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ८९०७, ८९१२, *तुलसी श्रेष्ठ वि. ज्योति सम्शेर ज.ब.रा. समेत, सूर्यमान श्रेष्ठ वि.ज्योति सम्शेर ज.ब.रा समेत*

कि.नं. ९८३ को जग्गा चन्द्र राज्यलक्ष्मीले मुसरर्फ विविबाट मिति २०३५।३।३० मा राजीनामा लिखत गरिलिंदा नै घर समेत उल्लेख भएको देखिएको सोही विवादित घर जग्गा यी प्रतिवादीमध्ये चन्द्रराज्यलक्ष्मीले कला राणालाई मिति २०४६।१०।१ मा शेषपछिको बकसपत्र गरिदिएको देखिन्छ । प्रतिवादीका दाता चन्द्र राज्यलक्ष्मीले परदाता मुसरर्फ विविबाट मिति २०३५।३।३० मा घरसहितको जग्गा राजीनामा लिखत गरी लिई निज चन्द्र राज्यलक्ष्मीले कला राणालाई मिति २०४६।१०।१ मा उक्त घर सहितको जग्गा शेषपछिको बकसपत्र गरिदिएको देखिँदा मिति २०५१।१।१५ मा घर निर्माण गरेको भन्ने वादी दावी मनासिब नदेखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

- यसमा यस्तै प्रकृतिको २०६० सालको दे.पु.नं. ८९०८, ८९१०, घर भत्काई पाऊँ, *तुलसी श्रेष्ठ वि. मदनदेवी कायस्थ समेत, सूर्यमान श्रेष्ठ वि. मदनदेवी कायस्थ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ०४२०, लिखत दर्ता बदर समेत, *जमुनादेवी बज्राचार्य समेत वि. तुलसी श्रेष्ठ समेत*

मुलुकी ऐन, गुठीको महलको ३ र ४ नं. समेतले धार्मिक कार्य सञ्चालनार्थ गुठी राखेको जग्गा कुनै प्रकारले हक छोडी दान दातव्य वा बेच बिखन गर्न समेत बन्देज गरेको हुनाले हक पुग्नेले पनि गुठीको नाम चलाई शेष रहेको जग्गा हक छोडी बकस दिन वा अरू कुनै व्यहाराले हक हस्तान्तरण गर्न नपाउने स्पष्ट छ । कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गुठीको जग्गा क्रमशः हक हस्तान्तरण गरिएका लिखत स्वयंमा दूषित छन् । दूषित क्रियाबाट भएको हक हस्तान्तरण र दर्ता समेतको कार्य प्रारम्भ देखि नै बदरभागी हुने भएकोले त्यसलाई उजूर गरी बदर गराई रहनु नपर्ने र स्वयं त्यस्तो लिखत गैरकानूनी र अमान्य हुँदा त्यस्तो दूषित लिखतउपर विवाद उठेमा अदालतले जहिलेसुकै बदर गर्न सक्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं. ८९७९, ८९८०, धर्मलोप समेत, *सुरेश श्रेष्ठ वि. तुलसी श्रेष्ठ समेत, कुमार श्रेष्ठ समेत वि. तुलसी श्रेष्ठ समेत*

मुलुकी ऐन, गुठीको महलको ३ र ४ नं. समेतले गुठी राखेको जग्गा कुनै प्रकारले हक छोडी दान दातव्य वा बेच बिखन गर्न समेत बन्देज गरेको हुनाले हक पुग्नेले पनि गुठीको काम चलाई शेष रहेको गुठी जग्गा आफ्नो हक छोडी बकस दिन वा अरू कुनै व्यवहारको लिखत गरी हक हस्तान्तरण गर्न पाउँदैन वा हक हस्तान्तरण गरेमा त्यस्ता लिखत दूषित हुने हुँदा स्वतः बदरभागी हुन्छन् । त्यसकारण वादीको समेत हक लाग्ने यी वादीहरू समेत गुठियार भएको गुठीको जग्गा अनाधिकृत रूपमा सट्टापट्टा गरी २०३०।४।१६ मा गंगादेवी सैंजू र बाबुकाजी महर्जन समेतलाई हालै देखिको बकसपत्र तथा राजीनाामा लिखत गरी प्रतिवादीहरूले धर्मलोप गरेको देखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

२०६३ सालको दे.पु.नं. ०३२०, जालसाजी, *ज्योति शम्सेर ज.ब.रा. वि. कला राणा समेत*

- २०६४ सालको दे.पु.नं. ०४१९, ०४२४, ०४२७, ०४३२, कित्ताकाट बदर समेत, *जमुनादेवी बज्राचार्य वि. तुलसी श्रेष्ठ समेत, रजनी कोइराला वि. तुलसी श्रेष्ठ समेत, जीवनप्रसाद ओझा वि. तुलसी श्रेष्ठ समेत मदनदेवी कायस्थ वि. तुलसी श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं. ०४२२, बकसपत्र बदर, *ज्योति शम्सेर ज.ब.रा. वि. कला राणा*
- २०६४ सालको दे.पु.नं. ०४२३, लिखत दर्ता बदर, *ज्योति शम्सेर ज.ब.रा. वि. तुलसी श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं. ०४२५, ०४२६, लिखत दर्ता बदर, *मीना अधिकारी वि. तुलसी श्रेष्ठ समेत, मदनदेवी कायस्थ समेत वि. तुलसी श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं. ०४२८, लिखत दर्ता बदर, *जीवनप्रसाद ओझा वि. तुलसी श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं. ०४२९, लिखत दर्ता बदर, *मदनदेवी कायस्थ वि. तुलसी श्रेष्ठ समेत*
- २०६४ सालको दे.पु.नं. ०४३१, लिखत दर्ता बदर दर्ता, *रजनी कोइराला वि. तुलसी श्रेष्ठ समेत*

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०९३५, बैंक ग्यारेन्टी, *सुदीपकुमार शर्मा वि. राजबहादुर शाह*

करारअनुसारको शर्त उल्लंघन गरी व्यावसायिक रूपमा आफूलाई नोक्सान पार्ने वितरक विरूद्ध कानूनी कारवाहीको माध्यमबाट आफ्नो अधिकार सुरक्षित गर्नतर्फ यी पुनरावेदक अग्रसर भएको देखिन आएन । करार उल्लंघन विरूद्ध कानूनी उपचारको मार्ग खुल्ला रहिरहेको अवस्थामा प्रत्यर्थी

डिष्टीलरी सोतर्फ चनाखो भएको पाइँदैन। प्रस्तुत विवादसँग अन्तर सम्बन्धित रहेको शर्त उल्लंघनतर्फको कानूनी उपचारमा समेत प्रत्यर्थी अग्रसर भएको नदेखिँदा दावीअनुसार बैंक ग्यारेन्टी रकम भराउने गरी निर्णय गर्न समेत कानूनतः नमिल्ने।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल जेठ १७ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०९३, निर्णय दर्ता बदर हक कायम, *जानुकी अधिकारी विरूद्ध राजेश अधिकारी समेत*

मालपोत विभागबाट प्राप्त स्रेस्ताको लगतमा लगत नं. ८७ र ४३८ यी वादीका बाबु माननाथ र प्रतिवादीका बाजे चन्द्रकान्तको संयुक्त हकभोग कायम रहने गरी चार किल्ला खोली संयुक्त रूपमा दर्ता भै दुबै पक्षको अधिकार स्थापित भएको देखिन्छ। बाबुका नाउँमा संयुक्त रूपमा दर्ता कायम रहेको स्रेस्ता अधोपान्त रहिरहेको अवस्थामा सो स्रेस्ताको वैधानिक अस्तित्व शून्य छ भनी अनुमान गर्न पनि कानूनतः मिल्ने देखिँदैन। संयुक्त दर्ता स्रेस्ताको आधारमा दुई पक्षको हक रहेको जग्गामा एक पक्षले मात्र आफ्नो हक कायम रहने गरी दर्ता गराएमा त्यस्तो दर्ता दूषित भै कानूनको रोहमा दूषित दर्ता हुनजाने।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

इति संवत् २०६६ साल जेठ १७ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६४-CI-०८४६, परमादेश सहितको निषेधाज्ञा, *ज्ञानहरि रेग्मी वि. पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं. २ कास्की पोखरा समेत*

जग्गा प्राप्ति ऐन, २०३४ अनुसार पुनरावेदकको कि.नं. १८१७, मध्येबाट कित्ताकाट, समेत भई सरकारी स्वामित्व कायम भई सकेको स्थितिमा त्यस्तो जग्गामा घरको केही भाग परेको भए सो हटाई जग्गा खाली गरिदिनु पर्ने कर्तव्य र दायित्व समेत पुनरावेदककै हुनेमा निजबाट सो दायित्वको निर्वाह गरे भएको देखिएन। यसरी विवादित जग्गाको साविक जग्गाधनी रहेका पुनरावेदकले सो जग्गाको मुआब्जा लिइसकेपछि जग्गा खाली गरिदिनु पर्नेमा सो नगरेको स्थितिमा त्यस्तो जग्गा खाली गराउनको लागि साधिकार निकाय प्रत्यर्थीबाट सार्वजनिक सूचना जारी गरी गरिएको काम कारवाही र प्रयासलाई रोक्नुपर्ने सम्मको अवस्था र स्थिति नदेखिने।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल माघ ७ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको फौ.पु.नं. ३२४७, भ्रष्टाचार, *शैलेन्द्रकुमार शर्मा वि. नेपाल सरकार*

उच्च माध्यमिक शिक्षा परिषद्बाट टोली खटिई गै प्राप्त हुन आएको बोर्डको रेकर्ड सत्यापन नं. दिनाङ्क १२-३-२००४ मा वर्ष १९९५ मे, ८२९३५७ अनुक्रमाङ्क अनुदानित नहीं है भनी उल्लेख भएको र उक्त जवाफी पत्र क्षेत्रीय सचिव माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय बाराणसीले उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको २० फेब्रुअरी २००४ को सम्बन्धमा समेत पठाएको देखिँदा आधिकारिक रूपमा प्राप्त भएको उक्त माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय बाराणसीको १२।३।२००४ को पत्रसाथ संलग्न सत्यापन सूचिलाई आधिकारिक मान्नुपर्ने हुँदा सोही सत्यापन नं. २१७ मिति १२।३।२००४ को पत्रसाथ संलग्न सूची व्यहोरामा उल्लेख भएको आधारलाई प्रमाणमा लिई भएको विशेष अदालत काठमाडौंको मिति २०६१।२।७ को फैसला मिलेकै देखिने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम्।

**१२**

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३१३४, सरकारी छाप कीर्ते, *ज्ञानेन्द्रबहादुर जि.सी. समेत वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादीहरूले आफूहरूले क्षे.प्र.ई.का. भेरीमा रीतपूर्वक दरखास्त दिई सोही प्रहरी कार्यालयबाट चालक अनुमतिपत्र प्राप्त गरेको भनी कहीं कतै उल्लेख गर्न सकेको देखिँदैन। यी प्रतिवादीहरूको साथमा रहेको कीर्ते सहीछाप लागेको चालक प्रमाणपत्र अन्यथा प्रमाणित नभएसम्म यिनै प्रतिवादीहरूको सो कीर्ते सहीछाप गरेको भनी मान्नु पर्ने।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर : मणिराम चौधरी

इति संवत् २०६७ सालव भदौ १५ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९८६५, अंश, *हेमन्तराज कोइराला समेत वि. बसन्त कोइराला*

जिल्ला अदालतको निर्णयउपर वादीको पुनरावेदन नपरेको तथा हाल सर्वोच्च अदालतमा पनि केही प्रतिवादी मात्र आएको भएबाट यस अदालतमा प्रवेश गरेका पक्षहरूको जिकीरका हकमा सम्म विचार गर्नुपर्ने अवस्था देखिएको छ। यस अदालतमा दिइएको निवेदन (पुनरावेदन) मा उल्लिखित जग्गाहरू निज प्रतिवादीहरूको विभिन्न मितिमा विभिन्न व्यक्तिहरूसँग लिइएको देखिन्छ। उपर्युक्त जग्गाहरू आफ्नो पेशा जागीरको आम्दानी स्रोतबाट खरीद गरेको भनी प्रतिवादीहरूले जिकीर लिए तापनि वादी बसन्त कोइराला समेत जागीरे देखिएको र निजले समेत उल्लिखित जग्गाहरू खरीद गर्न सगोलका दाजु हेमन्तलाई पटक-पटक रकम दिएको भनी फिरादमा दावी लिएको हुँदा तत्सम्बन्धमा प्रतिवादीहरूले आफूले निजी आर्जनबाट खरीद गरेको भनी लिएको जिकीर प्रमाणित हुनेसम्मको वस्तुनिष्ठ सबूद प्रमाण पेश गर्न सकेको पाइएन। त्यस्तो सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) समेतले सबै अंशियारको समान भाग लाग्ने नै देखिँदा उल्लिखित जग्गाहरू निजी आर्जनको ठहऱ्याउन नमिल्ने।

घर निर्माणको क्रममा प्रतिवादी हेमन्त र रमाले सञ्चयकोषबाट ऋण लिएको र प्रतिवादी रमा २०५३ सालमा समेत वैदेशिक तालीममा गएको समेतको सबूद प्रमाण प्रतिवादीहरूले पेश गरेको देखिन्छ। उक्त घरमा प्रतिवादी हेमन्त र निजका परिवारको बसोवास रहेको कुरालाई वादीले अन्यथा भन्न सकेको पाइदैन। दाजु भाउजूको घर निर्माण गर्न अरू अंशियारले रकम दिएको भए वादी समेतले सो कुराको जिकीर लिई त्यसलाई प्रमाणित गराउन सक्नुपर्नेमा सो केही गरे भएको नपाइँदा उक्त घर प्रतिवादी हेमन्त र रमाको निजी आर्जनको देखिन आयो। उक्त घर रहेको जग्गा भने २०३४।९।२७ को मुलुकी ऐन, सातौं संशोधन पूर्व खरीद भएको भई निजी आर्जन भन्ने अवधारणा भित्र्याउने अंशबण्डाको संशोधित १८ नं. को आगमन पूर्व नै प्राप्त भएको देखियो। यस स्थितिमा कि.नं. ३९६ मा बनेको घर र सो घरले चर्चेको लिग लगापातसम्ममा अंशवण्डाको १८ नं. बमोजिम निजी आर्जनको ठहऱ्याउन पर्ने भै त्यसमा अन्य अंशियारलाई बण्डा गर्न कर नलाग्ने।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल माघ ५ गते रोज ३ शुभम्।

१४

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०६८०, ०८२४, जोत नामसारी, *देवेन्द्र श्रेष्ठ वि. माणिकलाल श्रेष्ठ, रामचन्द्र श्रेष्ठ समेत वि. माणिकलाल श्रेष्ठ*

वादी माणिकलाल श्रेष्ठका बाबु बेखालाल श्रेष्ठ विवादित कि.नं. ७६८ को जग्गाको मोही भएको र सोका आधारमा छोरा माणिकलाल श्रेष्ठका नाउँमा मोही नामसारी गर्न मिल्ने नै देखिएकाले पुनरावेदक प्रतिवादीहरूले लिएको जिकीर तथ्य र कानूनसम्मत नदेखिँदा वादी माणिकलाल श्रेष्ठलाई मोही हक दिन नमिल्ने भनी निवेदन खारेज गरेको शुरू भूमिसुधार कार्यालय, भक्तपुरको फैसला उल्टी गरी मोही बेखालाल श्रेष्ठका छोरा वादी माणिकलाल श्रेष्ठको नाउँमा दावीबमोजिम मोही नामसारी हुने।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम्।

१५

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९८५३, निषेधाज्ञायुक्त

परमादेश, *नारायण सुवेदी वि. महालेखा परीक्षकको विभाग समेत*

कानूनद्वारा निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतका आधारमा लेखा परीक्षण गर्नसक्ने गरी लेखा परीक्षण ऐन, २०४८ को दफा ४ मा व्यवस्थित कानूनी व्यवस्थाको अधीनमा रही गरिएको लेखा परीक्षणलाई अन्यथा भन्न मिलेन। संविधान तथा प्रचलित कानूनको अधीनमा रही संवैधानिक निकायले निकालेको बेरूजूको विषयमा संपरीक्षण गराउने वा सो बेरूजू निकालेको प्रक्रिया नै गलत छ भनी सो प्रक्रिया बदरको लागि दावी नगरी सो स्वतः अमान्य हुने भनी निवेदकले गरे जस्तो अर्थ गर्न मिल्ने देखिएन। परमादेश तथा निषेधाज्ञाले कुनै निर्णय बदर गर्ने अख्तियारी प्रदान गर्दैनन्। महालेखा परीक्षकको निर्णय यथास्थानमा रहिरहेको अवस्थामा सोतर्फ विधिवत् चुनौती नभई सोको प्रतिकूल परमादेश दिन नमिल्ने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८४८१, *सागर थापा वि. राजु भट्ट समेत*

वादीले दावी लिएको जग्गा त्रिभुवन राजपथको दायाँ बाँया २५ मिटरको क्षेत्रभित्र परेको कुरा स्वयं वादीले स्वीकार गरेको अवस्थामा राजमार्गको दायाँ बायाँ २५ मिटरभित्रको जग्गा सार्वजनिक सडकको जग्गा हुने भएकोले त्यस्तो जग्गामा कसैको पनि हक दावी नपुग्ने र सो जग्गा कसैले दर्ता समेत गर्न नमिल्ने, कुनै प्रकारले दर्ता नै गरेको भए पनि सो दर्ता दूषित दर्ता भै स्वतः बदर हुने भएकोले सो जग्गाको दर्ता बदर गरिपाऊँ भन्ने वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने अवस्था हुन्थ्यो। अर्कोतर्फ विवादित कि.नं. ५६१ को जग्गा अधिकरण भई नै सकी केवल मुआब्जाको प्रश्न मात्र रहेको जिकीर लिने प्रतिवादीको नाउँमा समेत सो जग्गाको दर्ता र स्रेस्ता भएको मिसिल संलग्न कागजबाट देखिएन। जसको नाउँमा जग्गा दर्ता नै भएको छैन सो व्यक्तिको नाउँको जग्गा दर्ता बदर गरी पाऊँ भनी लिएको दावी समेत सत्य तथ्य प्रमाण र कानूनमा आधारित भएको नदेखिने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम्।

१७

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-०८३१, मोही नामसारी, *अशोककुमार महतो वि. चन्देश्वर यादव*

वादीका पिता रामऔतार यादवले १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भै ४ नं. अस्थायी जोताहा निस्सा प्राप्त गरिसकेको अवस्था र २०२२ सालमा साविक जग्गाधनीलाई बाली बुझाएको भरपाई पेश गरेको अवस्थामा दावीको कि.नं. ६० को फिल्डबुकमा उल्लिखित ४ किल्ला १ नं. लगत, २ नं. अनुसूची एवं ४ नं. जोताहा अस्थायी निस्सामा उल्लिखित ४ किल्ला भिड्छ भिड्दैन, साविक सँधियारको जग्गा समेत भिड्छ भिड्दैन सो समेत यकीन गरी निर्णय गर्नु पर्नेमा सो नगरी वादी दावी नपुग्ने भनी भूमिसुधार कार्यालय महोत्तरीले गरेको निर्णय सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।१।१० को फैसला मिलेको नदेखिँदा बदर हुने।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम्।

१८

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-०७०१, फैसला कार्यान्वयन गरिपाऊँ, *केदारबहादुर खत्री वि. कुमारबहादुर खत्री*

मोहियानी हक अंश हक जस्तो स्वतः प्राप्त हुने हक होइन। मोहियानी हक प्राप्त गर्न भूमिसम्बन्धी ऐन,२०२१ ले निर्दिष्ट गरेको कानूनी प्रावधानका आधारमा मात्र प्राप्त हुने हक हो। अरू जग्गा सरह मोहियानी हकको जग्गामा समेत अंशियारबीच बण्डा लाग्छ भन्नु भूमिसम्बन्धी ऐनको भावना, उद्देश्य र मर्मविपरीत अर्थ गर्नु हो।

त्यसकारण बण्डा लागेको घरको नाताले जग्गामा समेत स्वतः मोहियानी हक प्राप्त हुने नदेखिने ।
इजलास अधिकृत : अशोककुमार बस्नेत
इति संवत् २०६७ साल भदौ ४ गते रोज ६ शुभम् ।

१९

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८५७६, हक कायम गरी खिचोला मेटाई पाऊँ, *कविराज बराल वि. खड्गबहादुर खत्री समेत*

वादीले दावी लिएको विवादित जग्गा अंश एवं राजीनामाबाट लिएको भनी जिकीर लिएको पाइन्छ । अंश एवं राजीनामाबाट लिएको दावी गरे पनि सो जिकीरलाई पुष्टि गर्ने स्वतन्त्र, भरपर्दो एवं वस्तुनिष्ठ प्रमाण पेश भएको समेत पाइदैन । अंश एवं राजीनामाबाट प्राप्त गरी दर्ता गरेको भए २०३४।३।७ मा नापी भएको अवस्थामा लामो समय चुपलागी बसेको औचित्य वादीले स्थापित गर्न सकेको पाइँदैन । आफैंले खडा गर्ने अंशबण्डा तथा राजीनामा आफैंले लेख्ने चार किल्ला मात्र हकाधिकारको स्रोत हुन सक्दैन । अधिकार प्राप्त निकायबाट ती लिखतको संपुष्टि हुनुपर्ने ।
इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६० सालको फौ.पु.नं. ३२२८ जालसाजी, *कविराज बराल वि. खड्गबहादुर खत्री समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२०

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८२६२, जग्गा खिचोला चलन, *अब्दुल मजीत मियाँ वि. बिनोदानन्द प्रसाद सिँह*

आफ्नो जग्गालाई बाहिर पारेर कसैले पर्खाल नलगाउने कुरा स्वाभाविक रूपमा अनुमान गर्नुपर्ने हुन्छ । यस विषयमा वादीले नक्सा जीरहमा समेत विरोध जनाउन सकेको पाइएन । तसर्थ वादीले दावी लिएको न.नं. १ को जग्गा प्रतिवादीको देखिन आएकोले खिचोला गरेको भन्ने वादी दावी मिलेको देखिएन । न.नं. २ को हकमा हेर्दा वादीको कि.नं. ५१३ (न.नं. ३ को जग्गादेखि उत्तरमा कि.न. ५५२ को जग्गा देखिएको न.नं. २ समेत सोही कित्ता भित्रको देखिन आएबाट सो जग्गा समेत प्रतिवादीको भन्ने देखिन आएको छ । प्रतिवादीको उत्तर सीमा न.नं. १ भन्दा उत्तरतर्फ वादीको जग्गा रहेको नदेखिँदा सो न.नं. २ को जग्गामा प्रतिवादीले खिचोला गरेको भन्ने दावी समेत पुग्न नसक्ने ।
इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

२१

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०३४८, उत्प्रेषण परमादेश, *सुरेशचन्द्र पौडेल वि. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, दरबार मार्ग काठमाडौं समेत*

चेक भुक्तानीसम्बन्धी विषयमा पर्याप्त छलफल भए पश्चात् पनि चेकको भुक्तानीको समस्या समाधान नभएकोले रविन श्रेष्ठको अनुरोध र नेपाल राष्ट्र बैंकको निर्देशनको आधारमा निवेदकलाई कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाएको देखिन्छ । विपक्षी इन्भेष्टमेन्ट बैंकले निवेदकलाई चेकको भुक्तानीसम्बन्धी विवाद समाधान गर्न दिएको समयलाई बेवास्ता गरी बसेको कारणबाट उल्लिखित कानूनले निर्धारण गरेको कानूनी दायित्व तथा कर्तव्य पालना गर्ने सिलसिलामा निवेदकलाई कालो सूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रलाई पत्राचार गरेको देखिँदा बैंक र कर्जा सूचना केन्द्रको कुनै पनि कारवाहीले निवेदकको संविधानप्रदत्त अधिकारको हनन् भएको नदेखिएकाले मागबमोजिम रिट जारी गर्नुपर्ने नपर्ने ।
इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।